महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
गंगादेव गाउँपालिका,
रोल्पा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

(प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८/७९

च.नंः-२३४ मितिः २०७९/३/२७

श्री अध्यक्षज्यू,
गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा।

विषय :- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण मरासिनी)
नायव महालेखापरीक्षक

बोधार्थ तथा कार्यार्थ

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंह दरबार काठमाडौ - प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा महालेखापरीक्षकले प्रत्येक (२)स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको द्दण्ठ७/ठ८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान ,लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन,स्थानीय तह लेखापरीक्षण निर्देशिका , महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐननियमको आधारमा सम्पन्न गरिएको छ । , लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन ,खरिद व्यवस्थापन , सार्वजनिक सम्पत्त्िको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतआन्तरिक ,आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको : आयस्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएकोबेगर राजस्व छुट दि पर्याप्त आधार ,आय सङ्कलन न्यून रहेको ,एकोबक्यौता , असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेकोखर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी ,अबण्डा बजेट राखेको , बचत अनुदान ,अत्यधिक प्रशासनिक खर्च गरेको ,खरिद कानुन विपरीत खरिद गरेको ,वर्षान्तमा बढी खर्च गरेको ,अनुमोदन गर्ने गरेको फिर्तानगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको ,साना तथा टुक्रे आयोजनाको छनौट गरेको ,लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको ,जनसहभागिता नजुटेको ,दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । ,

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेकोक ,र्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएकोसाधन र सम्पत्तिको दुरुस्त अभिलेख ,स्रोत ,सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको , सेवा प्रवाहको ,कार्यक्रम ,सञ्चालित योजना ,नरहेकोयथार्थ रुपले अभिलेख नराखेको ,अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन ,विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा दंगाल

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

(प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. २३४ मितिः २०७९।३।२७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
गंगादेव गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रोल्पा।

कैफियत सहितको राय

हामीले गंगादेव गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गंगादेव गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.६ करोड २८ लाख १४ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू.१ करोड १४ लाख ५२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ५ लाख ७६ हजार, नियमित गर्नुपर्ने रू.३ करोड ९३ लाख ७९ हजार र पेश्की बाँकी रु.१४ लाख ७ हजार रहेको छ ।पालिकाको गतवर्ष १ करोड ५२ लाख ६८ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू ७ करोड ८० लाख ८२ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ।**
३. गंगादेव गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

गंगादेव गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।७७

स्थापना, उद्देश्य र कार्यक्षेत्र - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह - अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । लुम्बिनी प्रदेशस्थित रोल्पा जिल्लामा अवस्थित यस गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १२४.८ वर्ग किलोमिटर क्षेत्रफल तथा २३८७१ जनसंख्या रहेको छ ।

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

स्थानीय सञ्चितकोष:-आर्थिक बर्ष २०७६/७७ को सञ्चितकोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१.	**गत बर्षको जिम्मेवारी**		३३४९३७१३.८९	1	**चालु खर्च**		२१८५३०५३२.७२
	क) नगद			२	**पूँजीगत खर्च**		१०८०२४३७९.३०
	ख) बैङ्क	३३०४१६३७.८९			**शशर्त अनुदान फिर्ता**		१६९६४४४२.९९
	ग) विभिन्न कोष मौज्दात			३	**वित्तिय व्यवस्था भुक्तानी**		
	घ) धरौटि खाता	४५२०७६			क) ऋण भुक्तानी		
२.	**राजश्व (आन्तरीक आय)**		६२६३९१९५.१८		ख) व्याज भुक्तानी		
	क) आन्तरिक राजश्व	२६३८३३७.१५		४	**लगानी**		
	ख) राजश्व बाँडफाँड	६००००८५८.०३			ऋण लगानी		
	ग) अन्य आय				शेयर लगानी		
३.	**वित्तिय हस्तान्तरण**		२३२३९९०००	५	**अन्तर सरकारी अख्तियारी खर्च**		४३५९४९१०.१०
	क) वित्तिय समानिकरण अनुदान	८३२०००००		६	**धरौटी फिर्ता**		९४०८८
	ख) सशर्त अनुदान	१४४१९९०००		७	**कोष खर्च**		
	ग) विशेष अनुदान	५००००००		८	**मौज्दात**		१५८१८२३१.०६
४.	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		१७३४७०००		क) नगद मौज्दात		
	क) वित्तिय समानिकरण अनुदान	४१४७०००			ख) बैङ्क मौज्दात	१४९३५१८४.६६	
	ख) सशर्त अनुदान	८००००००			ग) धरौटी खाता	८६७८०७	
	ग) विशेष अनुदान	५२०००००			घ) प्रकोप व्यवस्थापन कोष	१५२३९.४	
५.	**अन्तरसरकारी अख्तियारी प्राप्त**	४९४१४८४०.१०	४९४१४८४०.१०				
६.	**प्रकोप व्यवस्थपान कोष**		७२२३०१६				
७.	**धरौटी आय**		५०९८१९				
	जम्मा		४०३०२६५८४.१७		**जम्मा**		४०३०२६५८४.१७

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
१.	**आय विवरण —** कार्यालयको आय-व्यय विवरण तयार गर्दा नेपाल सार्वजनिक लेखामान प्रणाली बमोजिम आय-व्यय विवरणका साथसाथै लेखा नीति तथा टिप्पणी, प्रमुख लेखा नीति र वित्तिय विवरणहरु तयार तथा स्वीकृती गरी लेखापरीक्षणमा पेश गरेको छैन। त्यस्तै स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्ति र भुक्तानी भएको स्पष्ट देखिने गरी हिसाब राखेको र अन्तिम मौज्दातको जिम्मेवारी एकिन गरेको छैन। कार्यालयको आय व्यय सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्;	
१.१.	संचित कोष खातामा आम्दानी जनाउँदा प्राप्तीको श्रोत सहित आम्दानी जनाउनु पर्नेमा बैंक स्टेटमेन्टको आधारमा आम्दानी जनाउने गरेको छ ।	
१.२.	सञ्चित कोष र अन्य खर्च शिर्षकहरुको बैङ्क नगदी किताव कार्यालय प्रमुख तथा लेखा प्रमुखबाट प्रमाणित गर्ने गरेको छैन।	
१.३.	**खर्च फरक -** कार्यालयले पेश गरेको बैंक नगदी किताव अनुसार यसवर्ष चालु तथा पूंजीगत तर्फ रु. ३२,६२,५४,९९२।- खर्च देखिएकोमा सुत्र सफ्टवेयरको श्रोतगत आम्दानी खर्च अनुसार रु. ३२,६५,५४,९१२।- खर्च देखिई बैंक नगदी कितावमा भन्दा सुत्रमा रु. २,९९,९२०।- बढी खर्च देखिएको छ ।	
१.४.	सुत्र सफ्टवेयरको श्रोतगत आम्दानी निकासा र खर्चमा सशर्त अनुदानमा संचितकोष आम्दानी रु. १४,२०,८१,०००।— भई खर्च रु. १४,३०,५०,७३०।- देखिई निकासा भन्दा रु. ९,६९,७३०।- बढी खर्च लेखाँकन गरेको छ । आम्दानी भन्दा बढी खर्च भएकोमा स्पष्ट कारण पेश भएको छैन ।	
१.५.	**खर्च खाता फ्रिज नगरेको —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोषमा स्वतः फिर्ता हुने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु शिर्षकहरु रु. १,२२,८०,६७७।२८ र पूँजीगत तर्फ रु. १,४१,२६,०५१।७० समेत रु.२,६४,०६,७२८।९८ खर्च नभई खर्च खातामै मौज्दात रहेको छ । ऐनको प्रावधान अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च खातामा मौज्दात रहेको रकम स्थानीय सञ्चित कोष फिर्ता हुनुपर्दछ ।	
१.६.	**मौज्दात रकम -** अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ मा बित्तिय अनुशासन सम्बन्धी व्यवस्था छ । प्रदेश तथा संघीय सरकारवाट स्थानीय तहलाई प्राप्त हुने अनुदान रकम मध्ये सशर्त, विशेष र समपुरक अनुदानहरु आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहन गएमा सम्बन्धित सरकारको संचित कोषमा फिर्ता गर्नुपर्दछ ।संघीय सरकार तर्फ सशर्त विशेष र समपुरक अनुदान तर्फ चालु खर्च शिर्षक तर्फ रु. १,५१,९१,२३९।७३।- र पूँजीगत खर्च शिर्षक तर्फ रु. ६९,३५,६३३।२६।- समेत रु.२,२१,२६,८७२।९९ मौज्दात रहेकोमा पालिकाले रु. १,६७,३५,३२७।२९ मात्र संघीय संचित कोष फिर्ता गरेकोले बांकी रु. ५३,९१,५४५।- संघीय सञ्चित कोष फिर्ता हुनुपर्ने रु.	५३९१५४५।-
१.७.	कार्यालयले सुरु बजेटमै ४ प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी संचितकोषबाट कन्टेन्जेन्सी खातामा ट्रान्सफर गरेकोमा पुन योजनाको रकम भुक्तानीमा समेत कन्टेन्जेन्सी ४ प्रतिशत कट्टी गर्ने गरेकोले दोहोरो खर्च लेखेको छ।	

१.८.	**बैंक हिसाव मिलान —** कार्यालयको स्रेस्ता अनुसारको बैक मौज्दात र बैक स्टेटमेन्ट अनुसारको बैक मौज्दात एक आपसमा भिडान हुनुपर्दछ । कार्यालयको बैंक नगदी किताव अनुसार संचित कोष तथा खर्च खाताको मौज्दात रु. ४,४७,०४,४५५।६७ रहेको र असार मसान्तको बैंक स्टेटमेन्ट अनुसार चालु पूँजीगत तथा सञ्चित कोषमा रु. ५,०५,४७,६००।६७ भई खाता भन्दा बैंकमा रु. ५८,४३,१४५। रहेको छ। खाता भन्दा बैंक बढी रहेको रकमको हिसाव मिलान विवरण पेश गर्नुपर्ने रु.	५८४३१४५।-
१.९.	कार्यालयको श्रेस्ता अनुसारको बैङ्क मौज्दात र एकिकृत आय-व्ययको बैङ्क मौज्दात एक आपसमा भिडान हुनुपर्दछ। सञ्चित कोष खाता, चालु खर्च खाता र पुँजिगत खर्चको बैङ्क नगदी किताव अनुसार २०७७।३।३१ मा रु.४,४७,०४,४५५।—मौज्दात रहेको र एकिकृत आयव्यय विवरण अनुसार रु.१,४९,३५,१८४।६६ मौज्दात भइ बैङ्क नगदी कितावमा भन्दा रु.२,९७,६९,२७१।०१ घटि मौज्दात रहेको छ। बैङ्क नगदी भन्दा घटी मौज्दात सम्बन्धमा हिसाब मिलान विवरण पेश हुनुपर्दछ।	
१.१०.	कोष तथा लेखा नियन्त्रक कार्यालय, रोल्पाको निकासा प्रतिवेदन अनुसार समानिकरण तर्फ रु.८,३२,००,०००। र सशर्त तर्फ रु.१४,४१,९९,०००। निकासा भएकोमा कार्यालयले समानिकरण तर्फ रु.११,७७,००,०००। आम्दानी जनाएको छ भने सशर्त तर्फ रु.१४,२०,८१,०००। आम्दानी जनाई रु.१४,३०,५०,७३०। खर्च गरेको विवरण पेश गरेको छ। को.ले.नि.का निकासा भन्दा सञ्चितकोष आम्दानी घटि/बढि जनाएको तथा सञ्चितकोषमा आम्दानी भएको भन्दा बढी रकम खर्च जनाएकोले सञ्चितकोषको हिसाबले यथार्थ चित्रण गर्दैन ।	
१.११.	प्रकोप व्यवस्थापन कोष तर्फ यस यस बर्ष रु. ५२,२५,५२२। आम्दानी भई रु.५२,१०,३८२।६ खर्च भएकोमा एकिकृत आय-व्यय विवरणमा खर्च शुन्य देखाएको छ।	
१.१२.	**धरौटी हिसाव —** कार्यालयको स्रेस्ता अनुसारको बैक मौज्दात र बैक स्टेटमेन्ट अनुसारको बैक मौज्दात एक आपसमा भिडान हुनुपर्दछ । कार्यालयको बैंक नगदी अनुसार धरौटी खाताको मौज्दात रु. ८,६७,८०७।- रहेको र असार मसान्तको बैंक स्टेटमेन्ट अनुसार रु. ४,७२,४८८।- रही खाता भन्दा बैंकमा रु. ३,९५,३१८।- घटी रहेको छ । खाता भन्दा बैंक घटी रहेको रकमको हिसाव मिलान विवरण पेश गर्नुपर्ने अन्यथा बैंक दाखिला हुनुपर्ने रु.	३९५३१८।-
१.१३.	**प्रकोप व्यवस्थापन कोष -** कार्यालयको स्रेस्ता अनुसारको बैक मौज्दात र बैक स्टेटमेन्ट अनुसारको बैक मौज्दात एक आपसमा भिडान हुनुपर्दछ । कार्यालयको बैंक नगदी अनुसार प्रकोप व्यवस्थापन कोष खाताको मौज्दात रु. १५,२३९।४० रहेको र असार मसान्तको बैंक स्टेटमेन्ट अनुसार कोष खातामा रु. ३७,५८,२०६।४० भई बैंक नगदी कितावमा भन्दा बैंकमा रु. ३७,४२,९६७।- बढी रहेको छ । खाता भन्दा बैंक बढी रहेको रकमको हिसाव मिलान विवरण पेश गर्नुपर्ने रु.	३७४२९६७।-
	उल्लेखित व्यहोराहरुका आधारमा संचित कोष हिसावले आर्थिक कारोवारको यथार्थ चित्रण नगर्ने हुँदा कारोवारको लेखाँकनमा सुधार गर्नु पर्दछ ।	
१.१४.	**सञ्चित कोषको चौमासिक विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ।कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन।तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।	
२.	**आन्तरिक नियन्त्रण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले	

	आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कायालयले आन्तरिक नियन्त्रण कार्यविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्; क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन, ख) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । ग) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । घ) **आर्थिक विवरण —** आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र आर्थिक विवरण तयार नगरेको र अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको छैन। ङ) पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको र वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। च) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन, छ) लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार कार्यालयले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरी वडा कार्यालय, विद्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गर्नुपर्नेमा गरेको छैन, ज) लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४८(१) अनुसार खरिद भएका जिन्सी मालसामानको विवरण र मूल्य खुलाई जिन्सी कितावमा सातदिन भित्र आम्दानी बाँधी स्रेस्ता अद्यावधिक राखुपर्नेमा अधिकांश खरिद भएका जिन्सी मालसामानहरुको स्पेशिफिकेशन नखुलाई जिन्सी दाखिला गर्ने गरेको, झ) खरिद भएका कतिपय सामानहरूको दाखिला प्रतिवेदन फाराममा दाखिला नं. राखे नगरेको, एकै प्रकारको जिन्सी सामान फरक फरक जिन्सी किताबमा दाखिला गरेको, ञ) वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । ट) जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन, जिन्सी निरीक्षण प्रतिवेदनले औंल्याएका व्यवस्थाहरुको पुर्ण रुपमा कार्यान्वयन नभएको, ठ) जिन्सी किताबमा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेमा नगरेको, ड) कार्यालयले ग्याविन वर्कको कार्य गर्दा ग्याविनको स्पेशिफिकेशन खुलाएको छैन। सो कार्यमा हेभिकोटेट ग्याविन प्रयोग भएको भने पनि हेभिकोटेट वा कमर्शियल कोटेट ग्याविन सम्बन्धमा एकिन गर्न सकिएन,	

	ढ)	मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस गरेको पाइएन।	
	ण)	कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,	
	त)	स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।	
	थ)	ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,	
	द)	दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकिकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।	
	ध)	स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।	
	न)	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसबर्ष कार्यसम्पन्न भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,	
	प)	संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कार्यालयबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाईएन,	
	फ)	वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन,	
	ब)	योजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।	
	भ)	सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश योजनामा गरेको पाईएन।	
	म)	विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरु बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित रहेको पाईयो,	
	य)	सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा १४ र १९ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्नेमा गरेको छैन,	
	र)	**कार्यविवरण** — निजामती सेवा ऐन, २०४९ को दफा ५क अनुसार कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा दिएको देखिएन,	
	ल)	**अभिलेख** —स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ङ) अनुसार कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन,	
	व)	कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको	

	मिति उल्लेख नभएको, श) निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो। अतः योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन, ष) राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने नगरेको तथा राजश्वको शीर्षकगत आर्थिक विवरण तयार गरेको छैन, ह) निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलबि प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्नेमा तलवि प्रतिवेदन पारित गरेको छैन, क्ष) कार्यालयले सवारी लगबुक नराखी इन्धन खर्च लेखेको छ, त्र) वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन। कार्यालयले प्रचलित ऐन, नियम र कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्नाको साथै ऐन, नियमको अधिनमा रही कार्यालको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण कार्यबिधि तयार गरी प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु क्रमश सुधार गर्दै जानु पर्दछ। यस सम्बन्धमा कार्यविधि बनाई क्रमश सुधार गर्ने कार्यालयको भनाई रहेको छ।	
	बजेट तथा कार्यक्रम तर्फ	
३.	**राजश्व परामर्श —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दर समेतको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था छ । राजश्व परामर्श समितिले बैठक बसी राजश्वको दर, क्षेत्र तथा अनुमानित राजश्व आय सम्बन्धी निर्णय र अभिलेख लेखापरीक्षणमा पेश भएन।	
४.	**स्रोत अनुमान समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्रक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्रोत अनुमान समित गठन गरेको देखिएन । ऐन बमोजिम समिति गठन गरी श्रोत अनुमान गर्ने, वडामा बजेट सिलिङ पठाउने लगायत ऐनको भावना अनुरुप कार्य गरिनु पर्दछ ।	
५.	**बजेट तर्जुमा —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । गाउँपालिकाले बजेट तर्जुमा समिति गठन गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ ।	
६.	**बजेट तथा अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गरी असार मसान्त भित्र पारित गरी सक्नुपर्ने र दफा ७३ वमोजिम सभावाट वजेट	

	स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । पालिकाले २०७६।३।१० मा नीति, कार्यक्रम र बजेट प्रस्तुत गरे पनि २०७६ भाद्र १ मा रु.३६,४१,०७,६००।— को बजेट पारीत गरेको छ। तर पारित बजेट भन्दा रु. ५४,३३,९६७।- बढी अर्थात रु. ३६,९५,४१,५६७।८९ बजेट कार्यान्वयनको लागि मिति उल्लेख नगरी प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ । ऐनले तोकेको अवधि भित्र बजेट पारित गरी सभाले पारित गरेको बजेट सिमा भित्र ऐनले तोकेको अवधिभित्र अख्तियारी प्रदान गरीनुपर्दछ ।	
७.	**रकमान्तर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत बजेटको अधिनमा रही कुनै शिर्षकबाट पूँजिगत शिर्षकमा पच्चिस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ। २०७६।७७ को स्वीकृत नीति कार्यक्रम तथा बजेट अनुसार गाउँपालिका स्तरीय योजनाहरुको लागि रु.३६,४१,०७,६००।- विनियोजन गरेकोमा बजेट श्रोतबाट नै घटाएर रु.६,६४,७६,६७४।- रकमान्तर गरेको छ । एक शिर्षकबाट अर्को शिर्षकमा रकमान्तर गर्दा रकमान्तर भएको शिर्षक नखुलाई रकमान्तर गर्ने निर्णय उचित देखिंदैन ।	
८.	**गतवर्षको भुक्तानी -** कार्यपालिकाको २०७६ श्रावण २५ को निर्णय अनुसार आ.ब. २०७५।७६ मा सम्पन्न भएका तर भुक्तानी हुन नसकेका १६ योजनाहरुको म.ले.प.फा.नं. २२१ प्रमाणित गरी सोको आधारमा भुक्तानी दिन बाँकी कच्चावारी कार्यालय र गाउँपालिकाको अध्यक्षले प्रमाणीत गरी यस वर्ष विनियोजन भएको रकमवाट रु. २५लाख ४० हजार भुक्तानी दिने निर्णयको आधारमा भुक्तानी दिएको छ । भुक्तानी दिन बाँकी योजनाहरुको योजनागत दायित्व यकीन गरी बजेट तर्जुमा गर्दा गतवर्षको दायित्व छुट्टयाई यस वर्षको कार्यक्रम तर्जुमा गर्नुपर्नेमा सो अनुरुप गरेको छैन ।	
९.	**अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १ करोड ३९ लाख ७० हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७६।८।२७ र २०७६।९।९ को निर्णयबाट चालुतर्फ तथा पुजीगत शिर्षक नछुट्टयाई बिभिन्न शीर्षकमा बजेट व्यवस्था गरी खर्च गरेको छ ।बजेट अबण्डा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	
१०.	**कार्यपालिका निर्णय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ बमोजिम एक न्ययिक समिति रहने, दफा ४७ मा न्यायिक समितिको क्षेत्र र दफा ४८ मा न्यामिक समितिको अधिकार क्षेत्र सम्बन्धी व्यवस्था छ । बिभिन्न समयमा न्यायिक समितले गरेका निर्णयहरु कार्यपालिकाको मिति २०७६।१०।६ मा बसेको बैठकले अनुमोदन गर्ने निर्णय गरेको छ । कार्यपालिकाको कार्य क्षेत्रभित्र नपर्ने कार्य गरको ऐन सम्मत देखिएन ।	
११.	**चौमासिक खर्च —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले पेश गरेको पूँजीगत शीर्षकको चौमासिक खर्च विवरण विश्लेषण गर्दा कूल खर्च रु.१० करोड ८० लाख २४ हजार मध्ये तेश्रो चौमासिकमा रु. ८ करोड ८० लाख १० हजार र आषाढ महिनामा रु.६ करोड ५१ लाख ६८ हजार खर्च भएको पाइयो। तेस्रो चौमासिकमा कूल खर्चको ८१.४७% र आषाढमा ६०.३३% खर्च भएको देखियो। आर्थिक बर्षको अन्त्यमा मात्र कार्य हुने र त्यसरी काम	

गर्दा अनुगमन तथा मूल्याकंन गर्ने समय कम भै कामको गुणस्तरमा असर पर्ने अवस्थालाई मध्यनजर राखेर कार्ययोजना अनुसार कार्यसम्पादन गरिनुपर्दछ।

१२. **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका निमित्त क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

क.स	**क्षेत्र**	**बजेट**	**खर्च**	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	१४७७९०००	१२८३८८२७	०.५९
२	पूर्वाधार विकास	६७०००३०००	१९०९०४१७०५	८७.५६
३	सामाजिक विकास	२०६३१७७५०	१९०९४१७०५	८.७६
४	बातावरण तथा विकास	०	०	०.००
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	७९४३०००	७४५३२७०	०.३४
६	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	७३५०१५१८	५९८७२४५७.३१	२.७५
	जम्मा	९७२५४४२६८	९७२५४४२६८	२१८०१४७९६४

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पुर्वधार विकास क्षेत्रमा सबैभन्दा बढी ८७.५६ प्रतिशत, संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटि ०.३४ प्रतिशत खर्च भएको छ भने वातावरण तथा विकासमा बजेट विनियोजन भएको छैन।

१३. **खर्च बिश्लेषण -** गाउँपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. २६ लाख ३८ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. ३० करोड ९७ लाख ४७ हजार समेत रु. ३१ करोड २३ लाख ८५ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २१ करोड ८५ लाख ३१ हजार र पूँजिगत तर्फ रु. १० करोड ८० लाख २४ हजार समेत रु ३२ करोड ६५ लाख ५५ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८० प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु.७५ लाख २२ हजार खर्च भएको छ जुन आन्तरिक आयको २८५.१४ प्रतिशत रहेको छ। गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.९२ प्रतिशत चालु ३३.०७ प्रतिशत मात्र पूँजिगतमा खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१४. **लक्ष्य प्रगति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सञ्चालन गरेका जिल्लास्तरीय तथा केन्द्रस्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन। ऐन बमोजिमको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नुपर्दछ।

१५. **योजना र कार्यान्वयन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी स-साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन् :

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाख देखी ५० लाखसम्म	५० लाख सम्म	जम्मा
१६	५१	४९	१७	२६	१	१६०

	संगठन तथा कर्मचारी व्यवस्थापन	
१६.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले श्रेणिविहिन सहित विभिन्न पदमा करारमा कर्मचारी राखी रु. ८२,१२,२०५।- तलब भत्ता खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले कार्यालयले संगठन तथा व्यवस्थापन परिक्षण नगरी माथि उल्लेखित पद वाहेकको विभिन्न ७ पदमा ९ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२६,७५,२४८।- भुक्तानी गरेको अनियमित देखएको रु.	२६७५२४८।-
१७.	**कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले कानून नबनाई यो बर्ष १९ कर्मचारीलाई दामासाही रुपमा रु.६,९६,६९०।- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.	६९६६९०।-
	कानुन निर्माण एवं कार्यान्वयन	
१८.	**कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा हालसम्म पालिकाले बनाएका ऐन, नियमावली तथा कार्यविधि कानुनहरू माग भएकोमा विवरण पेश भएन। स्थानीय निकायको लागि आवश्यक कानुनहरु निर्माण गरी राजपत्रमा प्रकाशन गरेर मात्र कानुन कार्यान्वयनमा ल्याउनुपर्दछ।	
१९.	**न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा न्यायिक समितिमा परेका उजुरी र फछ्र्यौटको विवरण माग भएकोमा विवरण पेश भएन। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।	
	पदाधिकारी सुविधा	

२०.	**पदाधिकारी सुविधा** – स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची - २ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार लुम्विनी प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ बैशाख ३ मा राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिंदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा श्रावण देखी कार्तिक सम्मको रु.१२,९०,००० खर्च लेखेको देखिन्छ ।	
२१.	**पदाधिकारी अन्य सुविधाः** : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ५ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा २ हजार रुपैंया सम्म र सो भन्दा कमको यातायात खर्च, ढुवानी खर्च र त्यस्तै विल भरपाइ पेश हुन नसक्ने ससाना काममा - भएको फुटकर खर्च भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.१७,९१,०००।- टेलिफोन तथा मोवाइल रु.९,२७,०००।- पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु. ८,३७,०००।- जनसम्पर्क विशेष कार्यसुविधा रु.१४,३१,०००।- अतिथि सत्कारमा रु. ३,५१,०००।-, खानेपानी विजुली सरसफाईमा रु. ९०,०००।—, मर्मत सम्भार र विद्युत उर्जा खर्चमा रु. ९०,०००, पोशाकमा ३,८०,०००। र चाडबाड पर्व रु.३,३५,०००। समेत रु. ६२,३२,००० खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु. ५५,१७,००० भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुने गरी खर्च फरफारक गर्नुपर्दछ।	
२२.	**न्यायिक समिति बैठक भत्ता -** स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ४६ मा न्यायिक समितिको गठन सम्बन्धी व्यबस्था छ।आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न स्थानीय तहमा उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा तिन सदस्यीय न्यायिक समिति रहने प्रावधान छ। कार्यालयले तोकिएका तिन सदस्य बाहेक अन्य पदाधिकारी तथा कर्मचारीलाई बैठकमा सहभागी गराई बैठक भत्ता भुक्तानी गरेकोले समितिमा नरहने पदाधिकारी तथा कर्मचारीले लिएको भत्ता असुल गर्नुपर्ने रु.	४५९००।-

गौ.भो.नं.।मिति	कर्मचारीको नाम र पद	बैठक संख्या	भुक्तानी दिएको रु) .कर कट्टीपछि(
२७-३-२०७७/३४९ चालु	गाखत्री.पा अध्यक्ष विर ब.	८	१०२००
	नि सकलदेव यादव.अ.प्र.प्र.	३	३८२५
	ले अ भरत बस्नेत.	२	२५५०
	न्यायिक अधिकारी पुष्पा पनेरु	१९	२४२२५
	आ प उदय प्रकाश वली.ले.	२	२५५०
	लेखापाल प्रेम खत्री	२	२५५०
जम्मा			४५९००

२३. सार्वजनिक खर्चको मापदण्ड कार्यविधि तथा मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं.७.३ मा इन्धन र सरकारी सवारी सुविधा उपलव्ध गराएपछि पुन सो सुविधा उपलव्ध गराउन नमिल्ने उल्लेख छ । कार्यालयले सरकारी सवारी साधन र सो बापतको इन्धन सुविधा लिएका निम्न पदाधिकारीहरुलाइ पुन यातायात खर्च बापत रु5,70,240.।- भुक्तानी गरेकोले दोहोरो सुविधा भुक्तानी असुल हुनुपर्ने रु. ५७०२४।-

पदाधिकारीको नाम	लिइएको सुविधा	रकम कर कट्टी बाहेक	कैफियत
गा.पा अध्यक्ष विर ब. खत्री	यातायात	१०६९२०	९ महिनाको १२,००० को दरले
उपाध्यक्ष रिता घर्ति	यातायात	१०६९२०	९ महिनाको १२,००० को दरले
वडा.न. १ अध्यक्ष अजमत डाँगी	यातायात	८९१००	९ महिनाको १०,०००को दरले
वडा.न. २ अध्यक्ष भुपाल दमाई	यातायात	८९१००	९ महिनाको १०,००० को दरले
वडा.न. ३ अध्यक्ष जलेश कुमार के. सी	यातायात	८९१००	९ महिनाको १०,००० को दरले
वडा.न. ५ अध्यक्ष मानबहादुर डाँगी	यातायात	८९१००	९ महिनाको १०,००० को दरले
जम्मा		५७०२४०	

२४. **पोशाक खर्च** –लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क), १(ख), १(ग) मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले स्थानीय तहका पदाधिकारीहरुले ऐनले निर्धारण गरेको बाहेक अन्य सुविधा लिन पाउने छैनन् भनी व्यवस्था गरेको छ । गाउँपालिकाले ३८ पदाधिकारीलाई रु ९९०० को दरले पोशाक खर्च वापत रु.३७६२००।- खर्च लेखेकोले असुल गर्नुपर्ने रु ३७६२००।-

२५. **प्रेश संयोजक** – लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ मा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले प्रेश संयोजक राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । कार्यालयले गा.पा. अध्यक्षको प्रेश संयोजक रुपमा अशोक कुमार ओलीलाई मासिक रु.२६,६१०।- का दरले पारिश्रमिक पाउने गरी १३ महिनाको कर कट्टा गरी रु.३,४२,४७१।- भुक्तानी भएको नियमसम्मत नदेखिएको रु ३४२४७१।-

२६. **व्याकहो लोडर आय -** गाउँपालिकाको व्याकहो लोडर संचालन कार्यविधि २०७४ को बुँदा १ मा उपाध्यक्षको अध्यक्षतामा ३ सदस्यीय समिति रहेको र बुँदा २ अनुसार व्याकहोलोडरले काम गर्दा विशेष समय बाहेक अन्य समयमा वडामा विनियोजित रकमवाट सहुलियत दरमा कार्यपालिकाको निर्णय अनुसार काम गरेवापत गाउँपालिकालाई रकम बुझाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले बिभिन्न समयमा व्याकहो लोडरको प्रयोग गर्न उपभोक्ता समितिहरुलाई प्रतिघण्टा २,०००।- दरले सम्झौता गरी उपलव्ध गराएको देखिन्छ । तर प्राप्त गरेको रकम गाउँपालिकामा आम्दानी बाँधेको देखिएन । आम्दानी खर्चको छुट्टै कोष हिसाव राखी व्याकहो लोडरको आय व्यय विवरण तयार

<table>
<tr><td></td><td>गर्नुपर्नेमा तयार गरेको छैन । व्याकहो लोडरको आम्दानी खर्च सम्बन्धमा एकिन गरी आय विवरण तयार गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>२७.</td><td>अध्यक्ष कप - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । सभाले तेस्रो अध्यक्ष कप रनिङ्ग प्रतियोगिताको लागि सुरु बजेट रु.१८०००००।- विनियोजन गरेकोमा बिभिन्न मितिमा कार्यपालिका बैठक बसी निम्नानुसार शिर्षकवाट रकमान्तर गराई खर्च गर्ने निर्णय गरको छ । विनियोजित बजेटको सीमा बाहिर गई कार्यपालिकाको निर्णयले अन्य कार्यक्रमको बजेट शिर्षकबाट रकमान्तर गरी खर्च गरको ऐन सम्मत नदेखिएको रु.
<table>
<tr><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>नपुग रकम दयाधुरी सामुदायिक वन कार्यक्रमवाट</td><td>१५००००</td></tr>
<tr><td>पानी विजुली ईन्धन शिर्षकवाट</td><td>५००००</td></tr>
<tr><td>कर्मचारी प्रोत्साहन भत्ताबाट</td><td>५०००००</td></tr>
<tr><td>शैक्षिक संस्थालाई अनुदान शिर्षकवाट</td><td>१०००००</td></tr>
<tr><td>सवारी साधन मर्मतवाट</td><td>२०००००</td></tr>
<tr><td></td><td>१००००००</td></tr>
</table></td><td>१००००००।-</td></tr>
<tr><td>२८.</td><td>अध्यक्ष गरिवी निवारण कोष -गाउँपालिकाले यस वर्ष अध्यक्ष गरिवी निवारण कोष खडा गरी तथा कोषबाट खर्च गर्ने कार्यविधि र कार्यक्रम/योजना तयार नगरी रु. ५० लाख बजेट अवण्डा राखी कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट निम्नानुसार रु34,97,460.। खर्च लेखेको छ। कार्यविधि तयार नगरी पटके निर्णयको आधारमा खर्च गरेको नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>गौ.भौ.न /मिति</th><th>कार्यक्रमको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१४६/२०७६-१०-२९ चालु</td><td>गरिबको लागी डसना वितरण</td><td>४९९४६०</td><td>छनौटको आधार नभएको</td></tr>
<tr><td>३१०/२०७७-३-१६ चालु</td><td>बाखा पालन पैचो साटासाट कार्यक्रम</td><td>९४९०००</td><td>गा.पा अध्यक्ष कृषक समुहसँग आफैले सम्झौता गरेको, अग्रिम पेश्की दिइ फस्यौट, साटासाट कार्यक्रम अन्तर्गत खरिद भएका बाखाहरु १८ महिना पछि फिर्ता गर्नुपर्नेमा नगरेको</td></tr>
<tr><td>३११/२०७७-३-१६ चालु</td><td>बाखा पालन पैचो साटासाट कार्यक्रम</td><td>९४९०००</td><td>गा.पा अध्यक्ष कृषक समुहसँग आफैले सम्झौता गरेको, अग्रिम पेश्की दिइ फस्यौट, साटासाट कार्यक्रम अन्तर्गत खरिद भएका २१ बाखाहरु १८ महिना पछि फिर्ता गर्नुपर्नेमा नगरेको</td></tr>
<tr><td>३१२/२०७७-३-१६</td><td>बाखा पालन पैचो साटासाट कार्यक्रम</td><td>११०००००</td><td>गा.पा अध्यक्ष कृषक समुहसँग आफैले सम्झौता गरेको, अग्रिम पेश्की दिइ फस्यौट, साटासाट कार्यक्रम अन्तर्गत खरिद भएका २६ बाखाहरु १८ महिना पछि फिर्ता गर्नुपर्नेमा नगरेको</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३४९७४६०</td><td></td></tr>
</table></td><td>३४९७४६०।-</td></tr>
<tr><td>२९.</td><td>खाना तथा विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१७,७६,५१६।- खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>महोत्सव तथा अन्य खर्च – स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन ।</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>गाउँपालिकाले यस वर्ष कुल उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.३३,९७,१९२खर्च गरेको छ</td><td></td></tr>
<tr><td>३१.</td><td>आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यसवर्ष कार्यालयले आर्थिक सहायता वितरण गरी खर्च ९,३५,०००।- लेखेको छ । आर्थिक सहायता वितरण कार्यविधि नबनाई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>अनुदान प्राप्ति, वितरण र फिर्ता</td><td></td></tr>
<tr><td>३२.</td><td>अनुदानको अनुगमन – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न विद्यालय तथा सहकारी संस्थाहरुलाई बीउपूँजी तथा अनुदान खर्च लेखेको छ । कार्यालयबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३.</td><td>वितरणमुखी कार्यक्रम — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ ।
<table>
<tr><th>भौ.नं. मिति</th><th>सहयोगको विवरण</th><th>अनुदान रकम</th></tr>
<tr><td>३/२०७६।९।४ कृषि चालु</td><td>बर्षिम घासको विउ वितरण</td><td>२९८००</td></tr>
<tr><td>१३/२०७६।९।४ कृषि चालु</td><td>७५प्रतिशतमा अनुदानमा आलुको विउ वितरण</td><td>१६६०००</td></tr>
<tr><td>१४/२०७७।१।१४ कृषि चालु</td><td>७५प्रतिशतमा अनुदानमा प्लाष्ट्रिक टनेल वितरण</td><td>२०००००</td></tr>
<tr><td>१५/२०७७।१।२४ कृषि चालु</td><td>कृषिका सामग्री खरिद तथा वितरण</td><td>२०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५९५८००</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा</td><td></td></tr>
<tr><td>३४.</td><td>निर्माण कार्यको गुणस्तर — खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलब्ध गराउनु पर्ने र स्वीकृत योजना अनुसार परीक्षण गरी गुणस्तर प्रक्रिया संचालन गर्नुपर्ने उल्लेख भएतापनि योवर्ष गाउँपालिका कोष पूँजीगतवाट रु. १० करोड ८० लाख २४ हजार पुँजीगत खर्च गरेकोमा अधिकाशं योजनाको गुणस्तर परीक्षण गरेको पाईएन। निर्माण कार्यको गुणस्तर आश्वस्तता हुन प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउनु पर्दछ।</td><td></td></tr>
<tr><td>३५.</td><td>कार्यालयले प्राविधिक ज्ञानसिप र क्षमता आवश्यक भएका र जटिल प्रकृतिका हेभि उपकरणहरु</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>आवश्यक पर्ने विकास निर्माणका कार्यहरु ठेक्का मार्फत गर्नुपर्नेमा यस बर्ष कुनै पनि विकास निर्माणका कार्यहरु ठेक्का मार्फत गरेको छैन।</td><td></td></tr>
<tr><td>३६.</td><td>कन्टिन्जेन्सी खर्च अभिलेख - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गरेको देखिएतापनि कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी नराखेकोले कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । नियमावलीमा व्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>३७.</td><td>खरिद कारवाही अभिलेख — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>३८.</td><td>सोझै खरिद — सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१)अनुसार रु. ५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न नसकिने व्यवस्था छ। नमुना छनौटको आधारमा परीक्षण गर्दा विभिन्न कार्यालय सामान तथा फर्निचरहरु विभिन्न मितिमा विभिन्न फर्महरुबाट पटक-पटक गरी रु. ४१,०४,९९६।- को सोझै खरिद गरेको देखियो। प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९.</td><td>सवारीसाधन खरिद — स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले निम्नअनुसारका सवारी साधन खरिद गरी समानिकरण अनुदानबाट रु. ६,३२,९००।- खर्च गरेको छ।
<table>
<tr><th>भौ.नं./मिति</th><th>बिबरण</th><th>रकम</th></tr>
<tr><td>११-०७६।९।१४</td><td>४ पाङ्ग्रे सवारी साधन स्कारपियो</td><td>५५९००००</td></tr>
<tr><td>७६-०७७।२।२५</td><td>स्कारपियो डेकोरेशन</td><td>३३९७९१</td></tr>
<tr><td>२४-०७६।१०।२३</td><td>पल्सर मोटरसाईकल पल्सर १५० सी.सी. डवल डिस्क (क्रस बोर्डर प्रा.लि.बाट सिधै खरिद)</td><td>२६६९००</td></tr>
<tr><td>१६९-२०७७।३।३०</td><td>पल्सर मोटरसाईकल पल्सर १५० सी.सी. सिंगल डिस्क (क्रस बोर्डर प्रा.लि.बाट सिधै खरिद)</td><td>२६०५००</td></tr>
<tr><td>११-२०७७।३।३०</td><td>एफ जेट भि ३ (ड्रिमल्याण्ड ट्रेडर्स बाट सिधै खरिद)</td><td>३१९९००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>६७७७०९१</td></tr>
</table></td><td></td></tr>
</table>

उल्लेखित ३ मोटरसाईकल सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख) विपरीत उत्पादक वा अधिकृत बिक्रेतासँग खरिद नगरेको तथा सिधै खरिद गरी रु. ८,४७,३००।- खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

८४७३००।-

४०. **उपभोक्ता समितिको कार्य —** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

४०.१. लागत अनुमान तयार गर्दा र सम्झौता गर्दा उपभोक्ता समितिले व्यहोर्ने अंश १० प्रतिशतको हाराहारीमा रहेकोमा कुनै पनि योजनामा उपभोक्ता समितिले श्रमदान गरेको देखिएन। श्रमदान नगरेको अवस्थामा नगद सहभागिता पनि भएको छैन। उपभोक्ता समितिले जिम्मा लिएको अधिकाशं सडकको निर्माण सम्बन्धी काम निर्माण व्यवसायीबाट गराएको र मूल्याँकन अनुसार भुक्तानी हुने रकमको हाराहारीमा निर्माण व्यवसायीको विल राखी सोही भुक्तानी खर्च लेखेको छ। कार्यालयसंग उपभोक्ता समितिले सम्झौता गरी जिम्मा लिएको काम आफैले नगरी निर्माण व्यवसायी मार्फत गराउने कार्यको अन्त्य हुनुका साथै उपभोक्ताको श्रम वा लागत सहभागीता देखिने गरी कार्य हुनुपर्दछ ।

४०.२. **मेशिन प्रयोग गरी कार्य —** सार्वजनिक खरिद ऐन बमोजिम उपभोक्ता समिति मार्फत गरिने कार्यमा हेभी इक्यूपमेन्ट प्रयोग गरी कार्य गराउन नहुने तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने भनी उल्लेख भएकोमा र प्राविधिक सिफारीसमा सार्वजनिक निकायको सिफारीस लिएर मात्र प्रयोग गर्न सकिनेमा नमुना छनौट गरी परीक्षण गरिएका योजानहरु मध्ये निम्नानुसारका योजनाहरुमा कार्यालयले लागत अनुमान तयार गर्दा जटिल भनी निर्धारण नभएको र सार्वजनिक निकायको स्वीकृती विनानै हेभी इक्यूपमेन्ट प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी दिएको देखियो । कार्यालयले ऐन विपरित हुने गरी लागत अनुमानमा नै मेशिनरी दर प्रयोग गरी उपभोक्ता समिति मार्फत कार्य गराउने प्रचलनको अन्त्य हुनुपर्दछ।

योजनाको नाम	लागत अनुमान	पालिकाले व्यहोर्ने अनुदान	उपकरण प्रयोग
सुखा ओढार देखि लिवाङ जोड्ने बाटो	२००४४४५	१८०००००	१७९३९८८
वडा कार्यालय फिल्ड निर्माण	१६८२२६४	१५०००००	१४९२५९५
सिस्नेखुटी खर्काडाँडा डाँडाकुटी मो. बा.	४४७४२६	४०००००	४०००००
टोड्के खानी लामोछेरा मो.बा.	१६७८६०५	१५०००००	१५०००००
बसारेभित्ता हुँदै तिखेचुलासम्म मो.बा.	१६७४९८५	१५०००००	१४९९७०५
पोखराडाँडा गुईचाखोला मेलारुख सम्म मो.बा.	१६६६६६६	१५०००००	१४९९९५१
कभेरेखोला दाम्फु हुँदै घप्री मो.बा.	११३५४३५	१००००००	९९९८१०
गा.पा.स्तरीय मोटरबाटो सफाई	१४५३३५०	१३०००००	१२७३०१०
खर्सुवास जोड्ने मो.बा. क्रमागत	१०६७८२३	९५००००	८०३१४१
झ्याम मनिमारे गाइनचाउने कुकुरगारे हुँदै माझाघरसम्म मो.बा.	१७२५०४५	१५५००००	१२९२४३७

४०.३. **सव कन्ट्र्याक्टबाट कार्य —** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरवाट गराउन नसकिने व्यवस्था छ। कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका अधिकांश योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग सम्झौता गरी काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको डोजर विल राखी भुक्तानी लिने गरेको देखियो।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण

व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले आफ्नो योगदानबाट गर्नुपर्ने कार्य नगरी केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले श्रम योगदान नगरेवाट केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेको र समिति निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको देखिएको रु. १२३५१५९१।-

भौ.नं. मिति	योजनाको नाम	लागत अनुमान	कार्यालयले व्यहोर्ने रकम	प्राविधिक मूल्यांकन	भुक्तानी	निर्माण व्यवसायीको नाम	निर्माण व्यवसायीको विल रकम
१७७-०७७/३/३१	सुखा ओढार देखि लिवाङ जोड्ने बाटो	२००४४४५	१८०००००	२०१२१८७	१५६६१८०	राजा एन निर्माण सेवा	१७९३९८८
३१-०७६/११/२०	वडा कार्यालय फिल्ड निर्माण	१६८२२६४	१५०००००	१६८२२७०	१४९३२१४	हरिसिद्धि कन्स्ट्रक्सन	१४९२५९५
३९-०७६/२/२	सिस्नेखुटी खर्कांडाँडा डाँडाकुटी मो.बा.	४४७४२६	४०००००	४६३१६५	४०००००	वागेश्वरी कन्स्ट्रक्सन	४०००००
६४-०७७/२/१५	टोड्के खानी लामोछेरा मो.बा.	१६७८६०५	१५०००००	१६७८६१५	१५०००००	आधुनिक नेपाल नि.से.	१५०००००
११६-०७७/३/९	बसारेभित्ता हुँदै तिखेचुलासम्म मो.बा.	१६७४९८५	१५०००००	१६६८०३८	१४९९७०६	विजयधुरी कन्स्ट्रक्सन	१४९९७०५
११७-०७७/३/९	पोखराडाँडा गुईचाखोला मेलारुख सम्म मो.बा.	१६६६६६६	१५०००००	१६७३३५०	१५०००००	विजयधुरी कन्स्ट्रक्सन	१४९९९५१
१२१-०७७/३/११	कभरेखोला दाम्फु हुँदै घप्री मो.बा.	११३५४३५	१००००००	११५०२६१	९९९८११	डि.आर.डि. निर्माण सेवा	९९९८१०
१६५-०७७/३/२९	गा.पा.स्तरीय मोटरबाटो सफाई	१४५३३५०	१३०००००	१४४६२५६	१३०००००	डि.आर.डि. निर्माण सेवा र गाउँपालिकाको व्याक हो लोडर	१२७३०१०
१७४-०७७/३/३१	खर्सुवास जोड्ने मो.बा. क्रमागत	१०६७८२३	९५००००	८९२३७६	८०३१३८	विजयधुरी कन्स्ट्रक्सन	८०३१४१
१७९-०७७/३/३१	झ्याम मनिमारे गाइनचाउने कुकुरगारे हुँदै माझाघरसम्म मो.बा.	१७२५०४५	१५५००००	१४३२८२५	१२८९५४२	घर्ति परिवार निर्माण सेवा	१२९२४३७
				जम्मा	१२३५१५९१		

४०.४. **बढी लागत दर —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार पार्दा ८५ प्रतिशत मेशिनले र १५ प्रतिशत मानिसले गर्ने गरी लागत अनुमान तयार गरी सम्झौता गरेकोमा उपभोक्ता समितिले आफूले सम्झौता गरी जिम्मा लिएको काम निर्माण व्यवसायी मार्फत गराएको छ । निर्माण व्यवसायीले श्रम प्रयोग गरी काम नगर्ने भएकोले कार्यालयले तयार गरेको लागत अनुमानको दर बढी हुन गएको छ। नमूना छनौटको आधारमा परीक्षण गर्दा निम्न कार्यमा रु.८५६३२५९।- बढी लागत पर्न गएको छ। योजनाको लागत अनुमान मितव्ययी हुने किसिमले निर्धारण गरिनु पर्दछ।

योजनाको नाम	विवरण	कार्यालयले राखेको ८५ प्रतिशत मेशिन र १५ प्रतिशत मानिसको दर	नर्मस अनुसार मेशिनको मात्र हुने दर	बढी दर	सम्पन्न कामको परीमाण घ.मी	बढी लागत
खर्सुवास जोड्ने मो.बा. क्रमागत	नरम माटो	७४	३३.०८	४०.९२	५१९८.२९	२१२७१४
	कडा माटो	९६	४८.७९	४७.२१	५११.३३	२४१४०
	साधारण चट्टान	२६३	९५.०५	१६७.९५	४०.८५	६८६१
	मध्यम चट्टान	४४५	९५.०५	३४९.९५	१९०.०४	६६५०४
	कडा चट्टान	१६८९	१६४.११	१५२४.८९	१५८.११	२४११००
गा.पा.स्तरीय मोटरबाटो सफाई	नरम माटो	७४	३३.०८	४०.९२	१९५४४	७९९७४०
झ्याम मनिमारे गाइनचाउने कुकुरगारे हुँदै माझाघरसम्म मो.बा.	नरम माटो	७४	३३.०८	४०.९२	५४०९.६८	२२१३६४
	कडा माटो	९६	४८.७९	४७.२१	५९०.०७	२७८५७
	साधारण चट्टान	२६३	९५.०५	१६७.९५	५८०.६४	९७५१८
	मध्यम चट्टान	४४५	९५.०५	३४९.९५	३८५.८३	१३५०२१
	कडा चट्टान	१६८९	१६४.११	१५२४.८९	२८५.१९	४३४८८३
कभरेखोला दाम्फु हुँदै घप्री मो.बा.	नरम माटो	७४	३३.०८	४०.९२	३३११.९३	१३५५२४
	कडा माटो	९६	४८.७९	४७.२१	१४१.३८	६६७५
	साधारण चट्टान	२६३	९५.०५	१६७.९५	१२१४.४८	२०३९७२
	मध्यम चट्टान	४४५	९५.०५	३४९.९५	६३८.०८	२२३२९६
	कडा चट्टान	१६८९	१६४.११	१५२४.८९	१७०.६७	२६०२५३
टोड्के खानी लामोछेरा मो.बा.	नरम माटो	७४	३३.०८	४०.९२	८८३४.३०	३६१५००
	कडा माटो	९६	४८.७९	४७.२१	१६३.६४	७७२५
	साधारण चट्टान	२६३	९५.०५	१६७.९५	११००.५७	१८४८४१
	मध्यम चट्टान	४४५	९५.०५	३४९.९५	७२६.२०	२५४१३४
	कडा चट्टान	१६८९	१६४.११	१५२४.८९	३२२.४०	४९१६२५
बसारेभित्ता हुँदै तिखेचुलासम्म मो.बा.	नरम माटो	७४	३३.०८	४०.९२	९८९३.४३	४०४८३९

	कडा माटो	९६	४८.७९	४७.२१	१६४६.४०	७७७२७
	साधारण चट्टान	२६३	९५.०५	१६७.९५	८२७.३४	१३८९५२
	मध्यम चट्टान	४४५	९५.०५	३४९.९५	४०२.९८	१४१०२३
	कडा चट्टान	१६८९	१६४.११	१५२४.८९	२२५.५५	३४३९३९
सुखा ओढार देखि लिवाङ जोड्ने बाटो	नरम माटो	७४	३३.०८	४०.९२	२२२.७०	९११३
	मध्यम चट्टान	४४५	९५.०५	३४९.९५	१९२.४०	६७३३०
	कडा चट्टान	१६८९	१६४.११	१५२४.८९	११३०.९	१७२४४९८
वडा कार्यालय फिल्ड निर्माण	नरम माटो	७४	३३.०८	४०.९२	५१३४.८८	२१०११९
	कडा माटो	९६	४८.७९	४७.२१	७८९.९८	३७२९५
	साधारण चट्टान	२६३	९५.०५	१६७.९५	७८९.९८	१३२६७७
	मध्यम चट्टान	४४५	९५.०५	३४९.९५	७८९.९८	२७६४५४
	कडा चट्टान	१६८९	१६४.११	१५२४.८९	३९४.९९	६०२३१६
						८५६३५२९

४१.	**वडा स्तरीय बाटो** - लागत अनुमान रु ४४,४४,४८४।१४ रहेको वडास्तरीय बाटो निर्माणको लागि कार्यालयवाट रु. ४०,००,०००।- र उपभोक्ता समितले ४,४४,४८४।- व्यहोर्ने र उक्त रकम गाउँपालिका कन्टेन्जेन्सी खातावाट खर्च गर्ने गरी वडा स्तरीय बाटो निर्माण समितिसँग सम्झौता भएको थियो । उक्त योजना सम्बन्धमा देखिएका व्होराहरु निम्नानुसार छन्	
४१.१.	उक्त बाटो निर्माण समितिले गाउँपालिकासँग रहेको व्याकहो लोडर प्रयोग गर्न व्याकहो लोडर समितसँग मिति २०७६।४।३० मा प्रति घण्टा २,०००।- का दरले प्रयोग गर्ने र व्याकहो लोडर प्रयोग गरिएको घण्टा समितिका पदाधिकारी वा वडाध्यक्षले प्रमाणित गरेबमोजिम हुने र समितिले व्याकहो लोडर प्रयोग गरेका घण्टा र दरको आधारमा समितिलाई रकम बुझाउने गरी सम्झौता गरेको छ ।उपभोक्ता समितिले सम्झौता अनुसार रु ४४,५७,४०९।- बरावर कार्य गरेको प्राविधिक मूल्याँकनको आधारमा भौ.नं. ४-०७६।१०।२४ बाट रु. ४०,००,०००।- खर्च लेख्दा पेश गरेको विल भरपाई अनुसार ४०९.९ घण्टा लोडर प्रयोग गरेको लोडर समितिका अध्यक्षले प्रमाणीत गरी रु. ८,१९,८००।- भरपाई गरी बुझिलिएकोमा उक्त रकम समिति खातामा जम्मा गरेको नपाईएकोले रकम बुझिलिने व्यक्तिवाट असूल हुनुपर्ने रु.	८१९८००।-
४१.२.	पेश भएको विल भरपाई अनुसार १४,१८,०००।- बरावर भाडा भुक्तानी गरेकोमा भाडा कर वापत रु.१,४१,८००।- कर कट्टी गर्नुपर्नेमा रु. ४४,५३०।- मात्र कट्टी गरकोले नपुग रु. ९७,२७०।- असूल गरी बेरुजु दाखिला हुनुपर्ने रु.	९७,२७०।-
४१.३.	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयले सभावाट बजेट पारीत गर्दा पूँजीगत शिर्षकको बजेटबाट ४% कटेन्जेन्सी कट्टा गरी कन्टेन्जेन्सी बजेट शिर्षक बनाई सो शिर्षकबाट योजना बनाई खर्च लेखकोमा पुन रु. १,६०,०००।- कन्टेन्जेन्सी खर्च लेखेको छ। कन्टेन्जेन्सीबाट कार्यक्रमबाट पुन कन्टेन्जेन्सी कट्टा गरेको नियमसम्मत नदेखिएको रु.	१६००००।-
४२.	**गा.पा. स्तरीय बाटो** - लागत अनुमान रु. १४,५३,३५०।- रहेका गा.पा.स्तरीय मोटरवाटो सरसफाई कार्यको कार्यालयले रु. १३,००,०००।- र उपभोक्ता समितले १,५३,३६०।- व्यहोर्ने गरी कार्य गर्दा बाटो निर्माण समितिले गाउँपालिकासँग रहेको व्याकहो लोडर प्रयोग गर्न व्याकहो लोडर समितसँग मिति २०७६।५।३० मा प्रति घण्टा २,०००।- का दरले प्रयोग गर्ने र व्याकहो लोडर प्रयोग गरिएको घण्टा समितिका पदाधिकारी वा वडाध्यक्षले प्रमाणित गरे बमोजिम हुने र समितिले व्याकहो लोडर प्रयोग गरेका घण्टा र दरको आधारमा समितिलाई रकम बुझाउने गरी सम्झौता गरेको छ ।उपभोक्ता समितिले सम्झौता अनुसार १४,४६,२५६।- बरावर कार्य गरेको प्राविधिक मूल्याँकनको आधारमा भौ.नं. १६५-०७७।३।२९ बाट रु. १३,००,०००।- खर्च	

<table>
<tr><td></td><td>लेख्दाका बखत पेश गरेको विल भरपाईको अनुगमन गर्दा १३७.१ घण्टा लोडर प्रयोग गरेको र उपभोक्ता समितका सचिव गणेश थापासंग रु. २,७४,२००।- बुझिलिएको लोडर समितिका सवै सदश्यहरुले भरपाई गरी बुझिलिएकोमा उक्त रकम समिति खातामा जम्मा गरेको नपाईएकोले रकम बुझिलिने व्यक्तिवाट असूल हुनुपर्ने रु.</td><td>२७४२००।-</td></tr>
<tr><td>४३.</td><td>जटिलसंरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३-०७७।७।७ र ५७-०७७।२।२९</td><td>जिवनज्योती मा.बि. आर. सी. सी. भवन निर्माण उपभोक्ता समिति</td><td>जिवनज्योती मा.बि. आर.सी.सी. भवन निर्माणको तेस्रो विलको भुक्तानी</td><td>२४५००००</td></tr>
<tr><td>१६७-०७७।३।३०</td><td>वडा नं. ७ कार्यालय भवन निर्माण उपभोक्ता समिति</td><td>वडा नं. ७ कार्यालय आर.सी.सी. भवन निर्माण</td><td>५००००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७४५००००</td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३.१.</td><td>जिवनज्योती मा.बि. भवन - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ र नियम ९(१) मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ । सुरु लागत अनुमान रु. ३४,५०,८६१।- रहेको जिवनज्याती मा.बि. देउलाटाकुरा भवनको लागि कार्यालयले रु. ३१,००,०००।- र उपभोक्ता समितिले ३,५०,८६१।- व्यहोर्ने गरी कार्य गराई १३,९३,५३१।- को मूल्याँकन गरी भौ.नं. ३-०७७।७।७ बाट रु. १२,१०,२४०।- भुक्तानी भएकोमा कार्यपालिकाको निर्णय अनुसार पुन रु. ३,१०,०००।- रकम थप गरी ३८,२८,००२।- को लागत अनुमान तयार गरेकोमा ३८,२३,००२।- को प्राविधिक मूल्याँकनको आधारमा भौ.नं. ३-०७६।७।७ बाट रु. १२,१०,०००।- र भौ.नं. ५७-०७७।२।९ बाट रु. १२,४०,०००।- समेत रु. २४,५०,२४०।- भुक्तानी भएको छ । विनियोजित रकमबाट लागत अनुमान तयार गरी कार्य गराएकोमा पुन बजेट थप गरी नयाँ लागत अनुमान तयार गर्नुको कारण लेखा परीक्षणमा पेश भएन । त्यस्तै सोही बिद्यालयको शौचालय निर्माणको लागि ७,७९,७३५।- को लागत अनुमान तयार गरी अर्को उपभोक्ता समिति गठन गरी कार्यालयले ७,००,०००।- र उपभोक्ता समितिले ७९७३५।- व्यहोर्ने सम्झौता गरी कार्य गराएको र प्राविधिक मूल्याँकन अनुसार ७८९६२४।- को कार्य भई भौ.नं. ५३-०७७।२।९ बाट रु. ७,००,०००।- भुक्तानी गरेको छ । एउटै योजनामा अलग अलग विनियोजन गरेको तथा लागत अनुमान टुक्रा गराई २ उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.</td><td>३१५०२७०।-</td></tr>
<tr><td>४३.२.</td><td>अग्रिम कर — आयकर ऐन, २०५८ को दफा ८९ (३क) मा उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँ भन्दा बढीको भुक्तानी रकममा एक दशमलव शुन्य पाँच प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान रु. ५६,७६,४९२।- रहेको वडा नं.७ कार्यालय उपभोक्ता समिति मार्फत कार्य गराई भौ. नं.१६७-०७७।३।३० बाट रु. ५०,००,०००।- भुक्तानी गरेकोमा ऐनको प्रावधान अनुसार १.५ प्रतिशतले हुने रु. ७५,०००।- कट्टी नगरेकोले</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>असूल गरी राजश्व दाखिला हुनुपर्ने रु.</td><td>७५,०००।-</td></tr>
<tr><td>४३.३.</td><td>उपभोक्ता समिती मार्फत खरिद - सार्वजनिक खरीद ऐन, २०६३ को दफा ४४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम स्थानीय सिप प्रविधि र रोजगारी सृजना हुने किसिमका निर्माण कार्य उपभोक्ता समितीवाट गराउन सक्ने प्रावधान रहेको छ । बिभिन्न खानेपानी योजनाहरुको काम उपभोक्ता समिति मार्फत गराउंदा योजनाको लागि आवश्यक पर्ने पाईप तथा फिटिङ्स सामग्री योजनागत लागत बनाई प्रतिस्पर्धात्मक तवरले कार्यालयले खरिद गरी उपलव्ध गराउने र निर्माण कार्य उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्नेमा खरिद कार्य समेत उपभोक्ता समिति मार्फत गराई उपभोक्ता समितिले सिधै सप्लायर्स मार्फत खरिद गरेकोले खरिद प्रतिस्पर्धि तथा मितव्ययी देखिएन।
<table>
<tr><th>भौ.नं. मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>लागत अनुमान</th><th>खरिद</th><th>सप्लायर्स</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४२-०७७।२।४</td><td>हिले लिफ्ट खा.पा.नि.उ.स.</td><td>१५५६०००</td><td>सोलार समग्रि</td><td>सुर्योदय उर्जा प्रा.लि.</td><td>१०५०६३२</td></tr>
<tr><td>१८४-०७७।३।३१</td><td>भुलाखोला जायाचौर खा.पा.नि.उ.स</td><td>१००३३३८</td><td>पाईप तथा फिटिङ्गस</td><td>पश्चिमाञ्चल हार्डवेयर लगायत अन्य फर्म</td><td>४२४५८७</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१४७५२१९</td></tr>
</table></td><td></td></tr>
<tr><td>४४.</td><td>वडाध्यक्ष मार्फत खरिद - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ। कार्यालयको खरिद व्यवस्थापन सम्बन्धमा परीक्षण गर्दा वडा कार्यालयको लागि आवश्यक सामग्री वडाध्यक्ष आफैले खरिद गरेको भनी विल सहित भुक्तानीको लागि माग गरेको आधारमा कार्यालयले भुक्तानी दिएको देखियो। बजेट संचालन गर्ने निकायवाट सामग्री खरिद गरी जिन्सी अभिलेखमा चढाई हस्तान्तरण मार्फत वडा कार्यालयमा दिनुपर्नेमा सो नगरेको कारण एकिकृत जिन्सी अभिलेख तयार भएको देखिएन भने वडाध्यक्षले खरिद गरी कार्यालयले भुक्तानी दिन कार्य नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>गौन मिति.भौ.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१२६-०७७।३।१३</td><td>वडा नं.५ का वडाध्यक्ष मान बहादुर डाँगी मार्फत फर्निचर फिक्सचर खरिद</td><td>९७५१९</td></tr>
<tr><td>३०२-०७७।३।१३</td><td>वडा नं.५ का वडाध्यक्ष मान बहादुर डाँगी मार्फत मसलन्द खरिद</td><td>६५९७०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१६३४८९</td></tr>
</table></td><td>१६३४८९।-</td></tr>
<tr><td>४५.</td><td>शालिक निर्माण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ।पालिकाले मनिमारे हाट बजार र सुनिल स्मृती शालिक निर्माण भनी रु. ७,००,०००।- विनियोजन गरी रु. ७,७८,५००।- को लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराई भौ.नं. १८५-०७७।३।३१ बाट रु. ७,००,०००।- खर्च लेखेको छ । योजना छनौट गर्दा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट नगरी शालिक निर्माण जस्ता कार्यमा खर्च गरेको नियमसम्मत नदेखिएको रु.</td><td>७०००००।-</td></tr>
<tr><td>४६.</td><td>किसानका लागि कृषक समूह - २०७६ जेठ ६ गते भूमी व्यवस्था कृषि तथा सहकरी मन्त्रालय र किसानका लागि कृषक समूह विच भएको सम्झौता अनुसार परामर्शदाताले तयार गरेको रु. २,५३,००,६३७।- लागत अनुमानको शित भण्डार निर्माणको लागि ७५ प्रतिशत रु. १,८९,७५,४७७।- मन्त्रालयले र बाँकी रु.६३,२५,१५९।- कृषक समूहले व्यहोर्ने गरी सम्झौता भएको छ । गाउँपालिकाले शित भण्डारको लागि विनियोजन गरेको रु. १२,३३,०००।- शित भण्डारको कार्यक्रमलाई संशोधन गरी कृषकका लागी कृषक समूह बनाई रु. १५,४१,९७९।- को गाउँपालिकाको लागत सहभागिता रहने गरी लागत अनुमान तयार गरी भौ.नं. ९६-०७७।२।३२</td><td></td></tr>
</table>

	बाट रु. ७,८०,३६६।- र भौ.नं.१६१-०७७।३।२८ बाट रु. ४,३४,०४१।- समेत रु. १२,१४,४३७।- खर्च लेखेको छ । गाउँपालिकाको श्रोत व्यर्होर्न पर्ने गरी योजनाको लागत नवनेको तथा श्रोत व्यवस्थापनमा पालिकाको लगानी नरही उपभोक्ता समूह आफैले लगानी गर्नुपर्ने योजनामा गाउँपालिकाले खर्च गरेको रकम असूल हुनुपर्ने रु.	१२१४४३७।-
४७.	**सर्भे तथा डि.पि.आर —** सार्वजनिक खरिद नियमावली, २०६४ मा २० लाख सम्म लागत अनुमान भएको परामर्श कार्य मौजुदा सूचीवाट ३ देखि ६ परामर्शदाता कम्पनीको प्रस्ताव लिई कार्य गराउनु पर्ने व्यवस्था छ। साथै नियमावलीको नियम १२ अनुसार परामर्श सेवाको लागत अनुमान तयार गराउनुपर्ने व्यवस्था छ। कार्यालयले गा.पा. अन्तर्गत खानेपानी र सडकको विस्तृत आयोजना तयार गर्न रु. २५,००,०००।- विनियोजन गरेकोमा निम्नानुसार ७ योजनाको डि.पि.आर तयार गर्न बजेट बाँडफाड गरेको छ ।बाँडफाड गरिएको रकमवाट परामर्श सेवा खरिद गर्दा कार्यालयको जनशक्तिवाट कार्यसम्पादन हुने नहुने कुरालाई ख्याल गरेको देखिएन । परामर्शदाताको खास कामको अनुभव, कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्त, मुख्य मुख्य जनशक्ति अनुभव र योग्यतालाई लगायतलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्नेमा विना आधार एकमुष्ट लागत अनुमान तयार गरेको र खरिद गर्दा मौजुदा सूचीमा समावेश भएका परामर्शदातावाट प्रस्ताव माग गरी ती प्रस्तावको मूल्याँकन गरी सेवा खरिद गर्नुपर्नेमा ७ वटा कार्यको लागि मौजुदा सूचिमा समावेश नभएका ३ परामर्शदातासँग प्रस्ताव लिई ३ वटा परामर्शदाताले दामसाही रुपमा काम पाउने गरी छनौट गरी निम्नानुसार कार्य गराई भौ.नं. १०४-०७७।३।३ बाट रु. २४,८८,८६८।- खर्च लेखेको नियमसम्मत नदेखिएको रु.	२४८८८६८।-

डिपिआर तयार गरेको योजनाको नाम	बिनियोजित बजेट	लागत अनुमान	सम्झौता रकम	परामर्शदाताको नाम	भुक्तानी
सानडाँडा लोदचौर डलसिङ्गे मो.वा	४ लाख	३९९९९९	३९७०३६	**Bridge engineering consultancy and construction pvt.**	३९७०३६
गुराँसे बल्ले न्याउलखोला डलसिङ्गे मो.वा	४ लाख	३९९८२६	३९९३२८	,,	३९९३२८
सानडाँडा बाट पातिहाल्ना मो.वा	३ लाख	२९९९९९	२९७०६७	**ps engineering**	२९७०६७
गोठिखाला खर्सुवास मो.वा	३ लाख	२९९९९९	२९९५४६	,,	२९९५४६
ठन्ठान जाया लाखुरेचौर मो.वा	४ लाख	३९९९९९	३९८३९२	,,	३९८३९२
पोखरी मटानेहा धरेली जालिमे ताप्ला मो.वा	३ लाख	२९९७४५	२९९४९६	**Mirmire engineering**	२९९४९६
कार्तिके डोलढुङ्गा लिफ्ट	४ लाख	४०००००	३९७९९९	,,	३९७९९९
जम्मा					२४८८८६४

४८.	**प्रधानमन्त्री रोजगार कार्यक्रम –** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सञ्चालन भएका निर्माण कार्य लगायतका कार्यक्रममा भएको खर्च, लक्षित वर्गलाई रोजगारी उपलव्ध गराएको संख्या र रोजगारी दिन, श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्चको विवरण माग भएकोमा पेश भएन।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सूर्जना भएको देखिंदैन । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन् ;	
४८.१.	**बढी ज्याला दर —** प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यविधि, २०७६ को बुँदा ११ बमोजिम रोजगारीमा खटिएका श्रमिकहरुको पारिश्रमिक दर निर्देशिकाको दफा २७ ले व्यवस्था गरे बमोजिम हुनेछ । तर, स्थानीय तहबाट यस कार्यक्रमको प्रयोजनका लागि मात्र छुट्टै पारिश्रमिक दर निर्धारण	

गर्न पाइने छैन। २०७६ को जिल्ला दररेटको अनुसार अदक्ष श्रमिकको ज्याला रु. ५९०।— रहेकोमा कार्यालयले यस कार्यक्रमको लागि रु. ७००।— तोकी भुक्तानी गरेकोले कार्यविधिले तोके भन्दा बढी रु. ११०।— का दरले ज्याला खर्च लेखेकोले बढी व्ययभार परेको रु. ५८८८३०।-

भौ.नं. मिति	योजनाको नाम	खर्च रकम	श्रमिक संख्या	काम गरेको दिन	बढी दर	बढी भुक्तानी
११-०७७।३।४	बैसारी खोला लिफ्ट खा.पा. मर्मत	९०००००	३५	७८२	११०	८६०२०
१४-०७७।३।२१	सिमखोला भिरगाउँ लोदचौर मो.बा.	४०००००	१९	५७२	११०	६२९२०
१८-०७७।३।२४	एक्कल्ले शिद्धगुफा मो.बा.	४०००००	१९	५८९	११०	६४७९०
२०-०७७।३।२५	झ्याम जिनवाङ सडक मर्मत	९०००००	३७	१३११	११०	१४४२१०
२१-०७७।३।२५	ताप्ला हिले नेटापारी मो.बा.	७०००००	२६	१०००	११०	११००००
२२-०७७।३।२५	तिमले जायाचौर लाखुरेचौर मो.बा.	५०००००	२२	७२६	११०	७९८६०
२३-०७७।३।२५	पनेरीखोला डाँडागाउँ खा.पा. मर्मत	५०००००	१०	३७३	११०	४१०३०
	जम्मा		**१६८**	**५३५३**		५८८८३०

४८.२. **कार्यबिधि विपरित खरिद** - कामका लागि पारीश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६) को बुँदा १० संग सम्बन्धीत अनुसूची १ अनुसार रोजगार आयोजनाको लागत अनुमान तयार गर्दा बाह्यय सामाग्रीको खरिदमा लागत अनुमानको अधिकतम २५ प्रतिशत खर्च गर्न पाईने व्यवस्था विपरित निम्नानुसारका योजनामा लागत अनुमानको २५ प्रतिशत भन्दा बढी बाह्यय सामग्री खरिद गरेको कार्यविधि विपरित देखिएको रु. २३३४२७।-

भौ.नं. मिति	योजनाको नाम	लागत अनुमान	बाह्यय सामग्री खरिद	कार्यविधिले तोकेभन्दा बढीको खरिद
११-०७७।३।४	बैसारी खोला लिफ्ट खा.पा. मर्मत	५६४२७९	३६००००	१३४९४९
२३-०७७।३।२५	पनेरीखोला डाँडागाउँ खा.पा. मर्मत	५६४२७९	२३९५४०	९८४७८
जम्मा				२३३४२७

४८.३. स्थानीय तह मातहत रहने रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई सार्वजनिक क्षेत्रका कार्यक्रम तथा आयोजनामा श्रृजना हुने रोजगारीमा संलग्न गराउने र यसका लागि समुदायस्तरमा स-साना रोजगारीमूलक आयोजनाहरु संचालन गरी सूचिकृत बेरोजगार व्यक्तिलाई काममा लगाउने र यस्तो कामको लागि पारिश्रमीक प्रदान गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन भएको हो । श्रममा आधारित यस कार्यक्रममा मेशिनरी उपरकण प्रयोग गरी काम गराउन नहुनेमा लागत अनुमान रु. ५००३०२।- रहेको तिमले जायाचौर लाखुरेचौर मोटरवाटोको प्राविधिक मूल्याँकन पश्चात भौ.नं. २२-०७७।३।२५ बाट रु. ५,००,०००।- भुक्तानी भएको छ। भुक्तानीको लागि पेश भएको कागजात अनुगमन गर्दा डोर हाजिर र सम्पन्न कामको फोटो पेश भएकोमा डोजर प्रयोग गरी बाटो निर्माण गरेको फोटो पेश गरेकोले कार्यक्रम र कार्यविध अनुरुप काम भएको नदेखिएको रु. ५०००००।-

४८.४. कामका लागि पारीश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६) को बुँदा १३(ङ) अनुसार समुहका सदस्यको रोजगारी वापतको पारिश्रमिक रकम स्थानीय तहवाट बैंक खातामा सिधै भुक्तानी दिन सहजीकरण र निर्देशिकाको दफा २८ बमाजिम बैंक खाता मार्फत भुक्तानी दिन सम्भव नभएको बिशेष अवस्थामा स्थानीय तहले सम्बन्धित श्रमिकलाई पारिश्रमिक वापतको रकम भरपाई गराई नगदै उपलव्ध गराउन सक्ने व्यवस्था छ । यसवर्ष कार्यालयले ७ योजना सञ्चालन गरी १६८ बेरोजगारलाई ५३५३ दिन रोजगारी उपलव्ध गराई पारिश्रमिक भुक्तानी गर्दा कुनै पनि वेरोजगारलाई बैंक खाता मार्फत रकम उपलव्ध गराएको देखिएन । बैंक मार्फत रकम उपलव्ध गराउन नसक्नुको कारण समेत नखोली ७ वटै योजनाको पारिश्रमीक

रकम वडाध्यक्षहरुले कार्यालयवाट बुझिलिई वितरण गरेको देखियो ।

भौ.नं. मिति	योजनाको नाम	खर्च रकम	कार्यालयवाट रकम बुझ्नेको नाम
११-०७७।३।४	बैसारी खोला लिफ्ट खा.पा. मर्मत	९०००००	वडा नं ४ का वडाध्क्ष राम बहादुर ओली
१४-०७७।३।२१	सिमखोला भिरगाउँ लोदचौर मो.बा.	४०००००	वडा नं ५ का वडाध्क्ष मान बहादुर डाँगी
१८-०७७।३।२४	एक्ल्ले शिद्धगुफा मो.बा.	४०००००	वडा नं का वडाध्क्ष अजमत डाँगी
२०-०७७।३।२५	झ्याम जिनवाङ सडक मर्मत	९०००००	वडा नं ३ का वडाध्क्ष जलेश कुमार केसी
२१-०७७।३।२५	ताप्ला हिले नेटापारी मो.बा.	७०००००	वडा नं ६ का वडाध्क्ष विर बहादुर ओली
२२-०७७।३।२५	तिमले जायाचौर लाखुरेचौर मो.बा.	५०००००	वडा नं ७ का वडाध्क्ष तुल बहादुर घर्ती
२३-०७७।३।२५	पनेरीखोला डाँडागाउँ खा.पा. मर्मत	५०००००	वडा नं २ का वडाध्क्ष भुपाल दमाई
	जम्मा		

४८.५. भम्रण खर्च नियमावली,२०६४ को नियम ४ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो हुने गरी भ्रमण गर्नुपर्ने उल्लेख छ । गो.भौ.नं. ८४-२०७७।३।२५ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार संयोजक खिमा कुमारी पाण्डेले निम्न मितिमा सरकारी गाडि रा.१.ज १९१ प्रयोग गरी निम्न स्थानमा गएको भनी रु.२८,९०० पेट्रोल खर्च भुक्तानी लिएकोमा निजको हाजिरी भिडान गर्दा निज उक्त समयमा कार्यालयमा हाजिर भएको देखिएकोले उक्त रकम असुल गरी संघिय सञ्चितकोष दाखिला हुनुपर्ने रु. २८९००।-

भ्रमण स्थान	मिति	रकम
बुटवल	२०७६।१२।८ मा गएको	१३२२५
सुर्खेत	२०७७।१।८ मा गएको	४७५०
नेपालगञ्ज	२०७७।२।२५ मा गएको	१०९२५
जम्मा		२८९००

४८.६. गो.भौ.नं.८८-२०७७।३।२९ कार्यालयले मिति २०७७।३।१७ मा डिजेल खरिद गरेको भनी रोजगार कार्यक्रमबाट रु.१०,०००। खर्च लेखेको छ। कार्यक्रमको प्रयोजन भन्दा विपरित खर्च भएको यस प्रकारको रकम सम्बन्धितबाट असुल गरी संघिय सञ्चितकोष दाखिला हुनुपर्ने रु. १००००।-

४८.७. भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(३) अनुसार भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले भ्रमण गरी फर्कदाको दिनमा भ्रमण भत्ताको २५ प्रतिशत रकम मात्र भुक्तानी पाउने उल्लेख छ । गो.भौ.नं. ४३-२०७७।३।१२ रोजगार संयोजक खिमा कुमारी पाण्डे विभिन्न मितिमा कार्यालयको काम भनी घोराही गई फर्किदा फर्केको दिनमा पनी रु.१६००। को दरले भ्रमण भत्ता बुझिलिएकोले नपाउने भ्रमण भत्ता असुल हुनुपर्ने रु. ४८००।-

भ्रमण अवधि	बढी भुक्तानी
२०७६।११।१-११।७	१२००
२०७६।१०।१-१०।७	१२००
२०७६।९।५-९।११	१२००
२०७६।८।४-८।९	१२००
जम्मा	४८००

४९. **अधुरो निर्माण कार्य —** लागत अनुमान रु. १२,१५,४८७।- रहेको मिनमारे शहिद पार्क निर्माणको लागि कार्यालयले रु. १० लाख र उपभोक्ता समितिले रु.२,१५,४८७।- व्यहोर्ने गरी उपभोक्ता समितिसंग सम्झौता भएकोमा सम्झौता अनुरुप कार्य गर्न नसकि रु.७८५,५१९।- बराबरको काम गरी प्राविधिक मूल्याँकनको आधारमा भौ.नं. २-०७७।३।२६ बाट रु. ७,०५,०००।- भुक्तानी दिएको छ । अधुरो अपुरो कार्य गराई भुक्तानी दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५०. **अनुपातिक कट्टी —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिम ६५१९७।-

लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले स्थानीय पूर्वाधार तर्फ निम्न योजना उपभोक्ता समित मार्फत गराएकोमा सम्झौतामा उल्लेख भए भन्दा कम काम भएको अवस्थामा सम्पन्न कामको अनुपातमा उपभोक्ताको अंश कट्टा गरी भुक्तानी दिनुपर्नेमा आनुपातिक कट्टि नगरेकोले रु. १,३३,४९४।- बढि भुक्तानी भएको असूल हुनुपर्ने रु.

गो.भौ.नं. मिति	योजनाको नाम	लागत अनुमान	कार्यालय को अंश	उपभोक्ता सहभागिता	सम्पन्न काम	हुनुपर्ने भुक्तानी	भएको भुक्तानी	बढी
२-०७७।३।२६	मनिमारे शहिद पार्क	१२१५४८७	८२.२७	१७.७३	७८५५१९	६४६२४६	७०५०००	५८७५३
८-२०७७।३।२५	जनता विकास आ.वि घेरबार	५६२८४२	५०००० ०	६२८४२	५५५५८८	४९३५५६	५०००००	६४४४
	जम्मा							६५१९७

५१. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी नगरेको र कट्टी गरेकोमा पनि दाखिला नगरेकोले असुल एवं दाखिला गर्नुपर्ने रु. ८८४४।-

गोभौनं./मिति	विवरण	भुक्तानी रकम	करको दर	कर रकम	कट्टि रकम	नपुग रकम	कैफियत
९०-२०७७।३।२९	जयमाता मेडिसिन सप्लायर्सबाट औषधि खरिद	३५६१९०	१.५	५३४२	४३९	४९०३	सं.स.चा
१८-२०७७।३।१६	भिजन टेडर्सबाट खाद्यान्न खरिद	३५२४५३	१.५	५२४९	१३०८	३९४१	प्र.व्य कोष
	जम्मा					८८४४	

५२. **अग्रिम कर —** आयकर ऐन, २०५८ को दफा ८९ (३क) मा उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँ भन्दा बढीको भुक्तानी रकममा एक दशमलव शुन्य पाँच प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. १२-२०७७।३।२७ बाट ताम्रखोला लिसारु बडामेला घोर्नेटी नाउली खा.पा उपभोक्ता समितिलाई रु. ५०,००,०००। भुक्तानी भएकोमा सो बापत लाग्ने कर रु.७५,०००। करकट्टा गर्नुपर्नेमा ३५,३८२।- मात्र कर कट्टा गरेकोले नपुग कर रकम रु.३९,६१८।- असुल हुनुपर्ने रु. ३९६१८।-

५३. **पारिश्रमिक आयकर** - आयकर ऐन, २०५८ को दफा ८७ (१)अनुसार आयमा लाग्ने पारिश्रमिक करको गणना गर्दा करयोग्य आयको पहिलो एकलाखमा १० प्रतिशत, दोश्रो २ लाखमा २० प्रतिशत, पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था छ ।पालिकाका निम्न कर्मचारीहरुको पारिश्रमिक कर गणना गर्दा ऐन बमोजिम रु.३९,४१८।- करकट्टि गर्नुपर्नेमा रु.१३,५००।- मात्र पारिश्रमिक कर कट्टा गरेकोले नपुग पारिश्रमिक कर रु. २५,९१८।— असुल गर्नुपर्ने रु. २५९१८।-

क.स	*कर्मचारीको नाम थर*	*बार्षिक आय*	*आयकर छुट रकम*	*कर योग्य आय*	*गर्नुपर्ने कट्टि*	*गरेको कट्टि*	*नपुग कर*
१	अ.ह.ब छैठौ सकलदेव यादव	७३३४५८	५९९०१६	१३४४४२	२१३८८	४५००	१६८८८
२	रोजगार संयोजक खिमा कुमारी पाण्डे	५२५१५०	४८००००	४५१५०	९०१५	४५००	४५१५
३	सुचना प्रविधि अधिकृत प्रेम प्रकाश वली	५२५१५०	४८००००	४५१५०	९०१५	४५००	४५१५
					३९४१८	**१३५००**	**२५९१८**

शिक्षातर्फ

५४. कार्यालयले विद्यालयमा निकासा हुने रकमको स्पष्ट विवरण खुल्ने गरी विद्यालयगत निकासा रजिष्ट्रर

<table>
<tr><td></td><td>राख्नुपर्नेमा राखेको छैन। विद्यालयहरुको लागि वास्तविक रुपमा निकासा हुनुपर्ने रकम र भुक्तानीको यथार्थ विवरण खुल्ने गरी विवरण अद्यावधिक गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५५.</td><td>स्थानीय तहले निजी विद्यालयहरुको अनुगमन गरी निर्देशिकाले तोके अनुसार अध्ययन शुल्क निर्धारण गर्नुपर्नेमा अनुगमन गरी सो अनुसारको कार्य गरेको छैन।</td><td></td></tr>
<tr><td>५६.</td><td>शिक्षक दरवन्दी — शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदाँ नं.३ क बमोजिम शिक्षा नियमावली, २०५९ अनुसार कायम भएको शिक्षक विद्यार्थी अनुपात र नियमावलीको अनुसुची-१२ बमोजिम विद्यालयमा रहनुपर्ने दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको आधारमा स्थानीय तहमा शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचान गरी शिक्षक दरबन्दी मिलान गर्ने र कार्यविधीको बुदाँ नं. १२ अनुसार मन्त्रालय तथा प्रदेशले गरेको दरबन्दी मिलानमा स्थानीय तहले सहजिकरण गर्ने उल्लेख छ । गाउँपालिकाले आफु मातहत रहेका मौजुदा विद्यालयहरुमा आवश्यक दरबन्दी पुनरावलोकन गरेको छैन। पालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा दरबन्दि अनुसारको शिक्षक पदपुर्ति भई नियमित पठन पाठन हुनुपर्दछ । अन्तरगतका विद्यालयहरुमा आ.ब २०७६/७७ को कायम शिक्षक दरबन्दी र पदपुर्तिको अवस्था र विद्यालयगत विद्यार्थि संख्या माग भएकोमा विवरण पेश नभएकोले थप विश्लेषण गर्न सकिएन।</td><td></td></tr>
<tr><td>५७.</td><td>शिक्षक अनुदान —शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को क्रियाकलाप नं १.१.३.४ अनुसार स्थानीय तहले केन्द्रको च.नं. १८९ मिति २०७६।११।१२ को पत्र र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार शिक्षक दरबन्दी अद्यावधिक गरी कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण एकिन गरी शिक्षा विकास तथा समन्वय इकाइ मार्फत वा अद्यावधिक विवरण अनुसार दरबन्दी, राहत र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुलाई विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलव्ध गराउने व्यवस्था छ। कार्यालयले निजी शिक्षक भर्ना/ नियुक्ति गरी गाउँपालिका तर्फ वित्तीय समानिकरणबाट ३९ विद्यालयहरुको लागि रु. २,०७,३६,४३९।- भुक्तानी गरेको छ । गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा दरबन्दी अनुसार सःशर्त अनुदान तर्फबाट शिक्षक तलब भत्तामा रु. ५,९७,५१,४५२। खर्च भएको छ। विद्यालय शिक्षक दरबन्दी मिलान नगरी दरवन्दी नै कायम नभएका शिक्षकलाई तलब भत्ता निकासा दिएको तथा कूल शिक्षक दरबन्दी र विद्यार्थी संख्याको आधारमा आवश्यक पर्ने भए मात्र प्रतिस्पर्धात्मक तवरले छनौट गरी शैक्षिक गुणस्तर अभिबृद्धि हुने आश्वस्तता गरेर मात्र शिक्षक नियुक्ति गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५८.</td><td>अनुदानको अनुगमन — शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ बमोजिम विद्यालयहरुलाई विभिन्न शिर्षकमा अनुदान दिने व्यवस्था छ । यसरी अनुदान बापत विद्यालयहरुको खातामा उपलव्ध गराएको रकमबाट भए गरेको कामको अनुगमन कार्यालयबाट हुनुपर्दछ।कार्यालयले निम्न शिर्षकमा विभिन्न विद्यालयहरुलाई रु. ७,४१,०००।- अनुदान दिएकोमा सो संस्थाले अनुदान रकमबाट गरेको कामको प्रगति विवरण, जिन्सी दाखिला प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन। अनुदान रकमबाट भए गरेको कामको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा कार्यक्रम निर्देशिका बमोजिक कार्य भयो भएन विश्वस्त सकिएन। तसर्थ अनुदान रकमको अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।
<table><tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>अनुदानको विवरण</th><th>रकम</th></tr><tr><td>१.</td><td>जीवनज्योती मा.वि देउल्टाकुरा</td><td>कार्यसम्पादनमा आधारित अनुदान</td><td>५००००</td></tr></table></td><td></td></tr>
</table>

२.	बुद्धिविकास मा.वि रातमाटा	कार्यसम्पादनमा आधारित अनुदान	५००००
३.	सिद्धार्थ आ.वि ओइलाम	कार्यसम्पादनमा आधारित अनुदान	५००००
४.	बालवोध आ.वि झाक्रीसल्ला	कार्यसम्पादनमा आधारित अनुदान	५००००
५.	कृष्ण आ.वि घरविर	कार्यसम्पादनमा आधारित अनुदान	५००००
६.	वागेश्वरी प्रा.वि गौरीडाँडा	कार्यसम्पादनमा आधारित अनुदान	५००००
७.	पृथ्वी नारायण मा.वि जायाचौर	सिकाइ सुदृढिकरण अनुदान	२०००००
८.	सिद्ध आधारभुत विद्यालय	फर्निचर तथा प्रयोगशाला निर्माण	२४१०००
		जम्मा	७४१०००।-

५९. कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७६/७७ को क्रियाकलाप नं.२.७.१३.११ अनुसार सामुदायिक सिकाइ केन्द्रलाई सञ्चालन व्यवस्थापनका लागि रु.१ लाख निकासा दिने र सिपमूलक कार्यकम सञ्चालन भएको अवस्थामा प्रस्तावनाको आधारमा थप रु.१ लाख निकासा दिने उल्लेख छ । कार्यालयले गो.भौ.नं.७-२०७६।७।५ र ३४-२०७७।२।२२ बाट ३ सामुदायिक अध्ययन केन्द्रको लागि एकमुष्ठ रु. २ लाख को दरले रु. ६,००,०००।- खर्च लेखेको छ। सिपमूलक कार्यक्रम तथा जनसेवा तथा समाज सुधार सम्बन्धमा कुनै पनि प्रस्तावना नलिइ एकमुष्ठ निकासा दिएको नियमसम्मत नदेखिएको रु. ६०००००।-

सि.नं.	सिकाइ केन्द्रको नाम	रकम
१.	बुद्धिविकास सामुदायिक सिकाई केन्द्र	२०००००
२.	जिनावाङ सामुदायिक सिकाई केन्द्र	२०००००
३.	नवजीवन सामुदायिक सिकाई केन्द्र	२०००००
	जम्मा	६०००००

६०. **सेनेटरी प्याड खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने व्यवस्था गरेको छ। कार्यालयले लागत अनुमान तयार नगरी अलग अलग मितिमा (२०७६ फाल्गुन ८ र २३ मा) लक्ष्मी सर्जिकल एण्ड सप्लायर्स घोराहीसँग सम्झौता गरी प्रति प्याड रु.३९.९९ को दरले २५००४ प्याड रु.९,९९,९२७।४६ मा खरिद गरी गो.भौ.नं. ३७-२०७७।२।२३ बाट भुक्तानी गरेको छ। कार्यालयले पुनः मिति २०७७।३।१ मा आर.जि.एम सप्लायर्ससँग सम्झौता गरी रु.४० को दरले १२५०२ प्याड खरिद गरी गो.भौ.नं.४८-२०७७।३।१६ बाट रु.४,८९,९९६।— भुक्तानी गरेको छ। कोभिड १९ को कारण विद्यालयहरु बन्द भएको अवस्थामा कार्यालयले बजेट फ्रिज नगर्ने उद्देश्यले रु. १४,८९,९२३.४६। बराबरको सेनेटरी प्याड लागत अनुमाननै तयार नगरी सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु. १४८९९२३।-

६१. कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७६।७७ को क्रियाकलाप नं.२.७.१३.८ अनुसार राष्ट्रिय परीक्षा बोर्डबाट विकास गरीएको कक्षा ८ को परीक्षा सञ्चालन सम्बन्धी मार्गदर्शनका आधारमा कक्षा ८ को परीक्षा सञ्चालन गर्न प्रति विद्यार्थी रू. २००।- को दरले निकासा दिने उल्लेख छ। गाउँपालिकाले तयार पारेको फ्ल्यास रिपोर्ट अनुसार कक्षा ८ मा जम्मा ६८० जना विद्यार्थी रहेको र प्रति विद्यार्थी रु.२००।- को दरले रु.१,३६,०००।- मात्र खर्च लेख्नुपर्नेमा संघिय सरकार हस्तान्तरित कार्यक्रमबाट रु.१,४३,०००।- खर्च लेखेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ ले तोके भन्दा रु.७,०००।- बढि खर्च लेखेकोले बढी व्ययभार परेको रु. ७०००।-

<table>
<tr>
<td>६२.</td>
<td>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७/७८ को क्रियाकलाप नं. २.१ अनुसार पुर्व प्राथमिक कक्षाका लागि प्रति विद्यार्थी रु.५००।-, सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङकनका लागि प्रति विद्यार्थी रु.१००।- र कक्षा ११-१२ सम्मको लागि बुक कर्नरमा प्रति विद्यार्थी वार्षिक रु. २५०।- र कक्षा १ मा रु. ५१८।- को दरले पाठ्यपुस्तक अनुदान फ्ल्यास रिपोर्टमा कायम विद्यार्थी संख्याको आधारमा अनुदान उपलव्ध गराउने उल्लेख छ । कार्यालयले कक्षा ११ र १२ को विद्यार्थी फ्ल्यास रिपोर्ट तयार गरेको छैन भने निम्नानुसार शिर्षकमा कायम विद्यार्थी संख्या भन्दा बढि भुक्तानी भएको असुल हुनुपर्ने रु
<table>
<tr><th>क्र.स</th><th>विद्यालयको नाम</th><th>विद्यार्थी संख्या</th><th>दर</th><th>बढी भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>विरेन्द्र मा.वि नाउली</td><td>१६५</td><td>२५०</td><td>४१२५०</td><td rowspan="3">बुक कर्नर</td></tr>
<tr><td>२.</td><td>जीवनज्योति मा.वि देउल्टाकुरा</td><td>१०५</td><td>२५०</td><td>२६२५०</td></tr>
<tr><td>३.</td><td>सिद्धार्थ मा.वि घोप्टेओडार</td><td>१६</td><td>२५०</td><td>४०००</td></tr>
<tr><td>४.</td><td>विरेन्द मा.वि नाउली</td><td>१७</td><td>१००</td><td>३२००</td><td>रु.४९००
निकासा भएको</td></tr>
<tr><td>५.</td><td>जीवनज्योती मा.वि देउल्टाकुरा</td><td>४०</td><td>५१८</td><td>२०७२</td><td>रु.२२७९२
निकासा भएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>७६७७२</td><td></td></tr>
</table>
</td>
<td>७६७७२।-</td>
</tr>
<tr>
<td>६३.</td>
<td>छात्रवृत्ति अनुदान -कार्यालयले शैक्षिक छात्रवृत्तिको लागि न्यूनतम मापदण्ड तयार गरी सुचना प्रकाशन मार्फत गाउँपालिकाका सबै वडाहरुबाट छात्रवृत्तिको लागि योग्य विद्यार्थीहरुको निवेदन प्राप्त गरी सो मध्येबाट आर्थिक, सामाजिक अवस्था कमजोर भई पढाईलाई निरन्तरता दिन कठिन अवस्थामा पुगेको वर्ग छनौट हुने गरी कार्यक्रम सञ्चालन हुनुपर्दछ। गो.भौ.नं.६-२०७७।३।२५ मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तर्गत कार्यालयले ५ जना छात्रछात्राहरुलाई रु.६,५०,०००।— छात्रवृत्ति उपलव्ध गराएको छ। छात्रवृत्तिमा खर्च भएको रकम र सो रकम प्राप्त गर्ने छात्रछात्राको शैक्षिक तथ्याङ्क विश्लेषण गर्दा कतिपयले जिल्ला भन्दा बाहिर रहि निजी क्षेत्रको विद्यालयबाट एस.ई.ईको पठनपाठन सम्पन्न गरेका र निजी क्षेत्रको शैक्षिक संस्थामा अध्ययनरत रहेको पाइयो। कार्यालयले छात्रवृत्तिको लागि आव्हवान गरेको सुचना, छात्रवृत्तिको लागि परेको निवेदन र छनौटको आधार माग भएकोमा लेखापरीक्षण समक्ष पेश भएन। पालिकामा दिएको निवेदनको आधारमा सिमित विद्यार्थीले मात्र छात्रवृत्ति प्राप्त गरेबाट वास्तविक रुपमा पिछडिएको वर्गले अनुदान प्राप्त गरेको छ भनी आश्वस्त हुन सकिएन। भौगोलिक विकटता, आर्थिक सामाजिक अवस्था जस्ता विषयलाई आधार बनाई पछाडि परेको बर्गको उत्थान हुने गरी छात्रवृत्ति दिने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।</td>
<td></td>
</tr>
<tr>
<td>६४.</td>
<td>आई.सि.टी पुर्वाधार निर्माण - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिको खरिद कार्य भएका ३ सामुदायीक सिकाई केन्द्रमा आई.सि.टि पूर्वाधार निर्माण कार्यको लागि एउटै प्याकेज बनाएर खरिद गर्नुपर्नेमा २० लाख भन्दा कमको छुट्टाछुट्टै लागत अनुमान तयार गरी मिति २०७७।२।३२ मा सुचना प्रकाशन गरी सिलबन्दी दरभाउपत्र मार्फत खरिद गरेको छ। सिलबन्दी दरभाउपत्रबाट खरिद गर्दा समेत ३ वटा लागत अनुमानको खरिदमा ३ फर्म मात्र संलग्न रहि सुनिधि ट्रेडर्सबाट रु.२६,५८,७१४। बराबरको १/१ प्रति प्रिन्टर, डेस्कटप, ल्यापटप, प्रोजेक्टर र स्मार्ट बोर्ड खरिद गो.भौ.नं.६०-२०७७।३।२६ बाट भुक्तानी भएको छ। कार्यालय र उक्त फर्मसँग सामान खरिदको लागि मिति २०७७।३।२२ मा सम्झौता भएकोमा आपूर्तकले जारी गरेको</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td>कर विजक अनुसार सम्झौता अवधि भन्दा अगावै मिति २०७७।३।१४ र १५ मा कार्यालयलाई सामान आपूर्ति गरेको देखिन्छ। लागत अनुमान टुक्रा पारी एकै फर्मबाट सम्झौता अवधि भन्दा अगावै सामान आपूर्ति भएको नियम सम्मत नदेखिएको रु.
<table>
<tr><td>सिकाइ केन्द्रको नाम</td><td>लागत अनुमान</td><td>कबोल अंक</td><td>सुनिधि ट्रेडर्सबाट जारी विल र मिति</td></tr>
<tr><td>जिनावाङ सा.सि.के</td><td>७५१४५०</td><td>७२७३१९</td><td>१४६-२०७७।३।१५</td></tr>
<tr><td>बुद्धि विकास सा.सि.के</td><td>१०११३५०</td><td>९६५६९८</td><td>१४४-२०७७।३।१४</td></tr>
<tr><td>नव जीवन सा.सि.के</td><td>१०११३५०</td><td>९६५६९८</td><td>१४७-२०७७।३।१५</td></tr>
<tr><td></td><td>२७७४१५०</td><td>२६५८७१५</td><td></td></tr>
</table></td><td>२६५८७१४।-</td></tr>
<tr><td>६४.१.</td><td>खरिद भएका मालसामान माग भएको स्पेशिफिकेशन अनुसार भए नभएको परिक्षण गरी स्पेशिफिकेशन खुलाई कार्यालयको जिन्सी खातामा आम्दानी जनाएर मात्र सामुदायिक सिकाई केन्द्रलाई हस्तान्तरण गर्नुपर्नेमा खरिद भएका जिन्सी मालसामान कार्यालयमा आम्दानी नजनाई सिधै सिकाई केन्द्रलाई दिएकोबाट स्पेशिफिकेशन अनुसारको मालसामान खरिद भई सोही अनुसार सामुदायिक सिकाई केन्द्रको जिन्सी खातामा आम्दानी जनाएको छ भनी आश्वस्त हुन सकिएन।</td><td></td></tr>
<tr><td></td><td>स्वास्थ्य</td><td></td></tr>
<tr><td>६५.</td><td>कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्यतर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन।</td><td></td></tr>
<tr><td>६६.</td><td>औषधी खरिद – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । कार्यालयले सोझै खरिद मार्फत रु. ९,२०,५९८।८१ को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन् ;</td><td></td></tr>
<tr><td>६६.१.</td><td>खरिद गरेका औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,</td><td></td></tr>
<tr><td>६६.२.</td><td>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>६६.३.</td><td>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,</td><td></td></tr>
<tr><td>६६.४.</td><td>औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेकोले औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख नराखेको, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन नगरी हस्तान्तरण गरेको छ । औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६७.</td><td>गो.भौ.नं. ५२-२०७७।३।२२ कार्यालयले ज्येष्ठ र असार महिनाको तलब भत्ताबापत अ.हे.ब त्रिभुवन सिंह घर्तिको रु.७६,६६८। खर्च लेख्नुपर्नेमा रु.८१,४६८। खर्च लेखेकोले रु.४,८००। बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.</td><td>४८००।-</td></tr>
<tr><td>६८.</td><td>सम्झौता अनुसार कार्य नभएको - उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नुपर्दछ । आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण गर्न, लोदचौर र राँकको</td><td></td></tr>
</table>

लागि प्रत्येक भवनको रु.४१०७६७७।— को लागत अनुमान तयार गरी २०७७ असार मसान्त भित्र सम्पन्न गर्ने गरी कार्यालय र उपभोक्ता समिति बीच सम्झौता भएकोमा लोदचौरको रु. १५,१०,२९५। र राँकको रु. १५,७०,७९१। को मात्र कार्य भएको पाईयो। सालबसाली रुपमा बजेट विनियोजन नहुने यस्ता योजनाहरु उपभोक्ता समितिले सम्झौता अवधि भित्र सम्पन्न गर्नुपर्दछ।

६९. लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ बुदा नं १ ख र ग बमोजिम स्पष्ट विषयवस्तु, कार्ययोजनाबिना एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नपाइने उल्लेख छ। गो.भौ.नं. ३०-२०७७।२।१६ र ४१-२०७७।३।४ बाट कार्यालयले प्रधानमन्त्री रोजगार स्थानीय निर्देशक समितिको मिती २०७६।४।१ देखी २०७७।२।४ सम्म १७ वैठक सम्म बसेको भनी निम्नानुसारका पदाधिकारी तथा कर्मचारीहरुलाई प्रति बैठक रु.१५००।- मा करकट्टी गरी रु.२,२४,४००।- भुक्तानी गरेको असुल हुनुपर्ने रु. २२४४००।-

पदाधिकारी तथा कर्मचारीको नाम	दिन	रकम
अध्यक्ष विरबहादुर खत्री	१७	२१६७५
उपाध्यक्ष रिता घर्ति	१७	२१६७५
३ नं. वडाध्यक्ष जलेश कुमार के.सी	१७	२१६७५
४ नं.वडाध्यक्ष राम बहादुर वली	१७	२१६७५
रोजगार संयोजक खिमाकुमारी पाण्डे	१७	२१६७५
नि.प्र.प्र.अ सकलदेव यादव	६	७६५०
इञ्जिनियर नविन डाँगी	५	६३७५
इञ्जिनियर लोकेन्द्र बहादुर वली	११	१४०२५
लेखा अधिकृत भरत बस्नेत	८	१०२००
सुचना अधिकृत प्रेम प्रकास वली	४	५१००
सव इञ्जिनियर रमेश डाँगी	६	७६५०
आ.ले.प उदय प्रकाश वली	७	८९२५
लेखापाल प्रेम खत्री	७	८९२५
कम्प्युटर अपरेटर सुशिल वली	४	५१००
अ.स.ई अर्जुन राणा	८	१०२००
का.स रमिता डाँगी	९	११४७५
का.स केश बहादुर खत्री	८	१०२००
का.स दिपा घर्ति	८	१०२००
		२२४४००

७०. **भकारो सुधार कार्यक्रम —** कार्यालयबाट प्राप्त अनुदान रकम कार्यक्रमको उद्देश्य अनुरुप सहि सदुपयोग हुनु पर्दछ। गो.भौ.नं.३९-२०७७।३।२ र ४०-२०७७।३।३ बाट कार्यालयले ५०% अनुदानमा भकारो सुधार कार्यक्रम अन्तर्गत विउ उत्पादनका लागि गुराँस मिश्रित कृषक समहु र सिमचौर लालिगुराँस कृषक समहुलाई छनौट गरी क्रमश रु.१,२०,०००। र रु.१,०३,५००। अनुदान उपलव्ध गराएको छ। कृषक समुहले भकारो सुधार कार्यक्रम सम्पन्न गरी कार्यालयमा पेश गरेको विल भरपाई र निर्माण सम्पन्न भएको फोटो परिक्षण गर्दा कतिपयले घरको आँगन तथा घोरेटो बाटो ढलान गरी भुक्तानीको लागि विल पेश गरेको छ। कृषक समुहले गरेको सो कार्यको सामाजिक लेखापरीक्षण फाराम परिक्षण गर्दा आम्दानी र खर्चको महलमा रकम चढाएको छैन। यसबाट

<table>
<tr><td></td><td>अनुदानको सहि सदुपयोग भएको छ भनी आश्वस्त हुन सकिएन। अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको आर्थिक अवस्थाको मूल्याँकन, अनुदानको दिगो र सहि उपयोगको व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>७१.</td><td>कार्यालयले कारोना नियन्त्रण, उपचार तथा रोकथाम प्रयोजनका लागि विपद् व्यवस्थापन कोषवाट खर्च गर्नुपर्नेमा संघिय हस्तान्तरित कार्यक्रम चालुबाट कोभिड सम्बन्धी सामाग्री खरिद भनी गो.भौ.नं. ६६-२०७७/३/२६ बाट रु. १,५०,०००।— खर्च लेखेको छ । सम्बन्धित कोषबाट मात्र बजेट खर्च गर्नुपर्नेमा नगरेको रु</td><td>१५००००।-</td></tr>
<tr><td>७२.</td><td>गो.भौ.नं.७९-२०७७।३।२७ पालिकामा रहेका ३ जना एक गाउँ एक प्राविधिकको लागि १३ महिनाको तलब भत्ता बापत रु.१०,३७,७९०। र पोशाक बापत रु.३०,०००। समेत रु.१०,६७,७९०।- मात्र खर्च लेख्नुपर्नेमा संघिय सरकार हस्तान्तरित चालुबाट रु.१४,२५,०००।— गाउँपालिका चालु खातामा रकमान्तर गरी खर्च लेखेकोले बढी खर्च लेखेको रु. ३,५७,२१०।— संघिय सञ्चितकोष फिर्ता हुनुपर्ने रु.</td><td>३५७२१०।-</td></tr>
<tr><td>७३.</td><td>उपभोक्ता समिती मार्फत खरिद - सार्वजनिक खरीद ऐन, २०६३ को दफा ४४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम स्थानीय सिप प्रविधि र रोजगारी सृजना हुने किसिमका निर्माण कार्य उपभोक्ता समितीवाट गराउन सक्ने प्रावधान रहेको छ । बिभिन्न खानेपानी योजनाहरुको काम उपभोक्ता समिति मार्फत गराउंदा योजनाको लागि आवश्यक पर्ने पाईप तथा फिटिङ्स सामग्री योजनागत लागत बनाई प्रतिस्पर्धात्मक तवरले कार्यालयले खरिद गरी उपलव्ध गराउने र निर्माण कार्य उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्नेमा खरिद कार्य समेत उपभोक्ता समिति मार्फत गराई उपभोक्ता समितिले सिधै सप्लायर्स मार्फत खरिद गरेकोले खरिद प्रतिस्पर्धि तथा मितव्ययी नदेखिएको रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>लागत अनुमान</th><th>खरिद</th><th>सप्लायर्स</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>९-२०७७।३।२५</td><td>धवरी खोला लिफ्टङ खा.पा</td><td>३३१५३७९</td><td>पाइप तथा फिटिङस</td><td>विभिन्न फर्म</td><td>२२७६७२१</td></tr>
<tr><td>१२-२०७७।३।२७</td><td>ताम्रखोला लिसारु बडामेला घोर्नेटी नाउली खा.पा</td><td>५६३१४६६</td><td>पाइप तथा फिटिङस</td><td>विभिन्न फर्म</td><td>२६३९५०३</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>सामाजिक सुरक्षातर्फ</td><td></td></tr>
<tr><td>७४.</td><td>तथ्यांक अध्यावधिक - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदा नं .१९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन । कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७५.</td><td>सार्वजनिक सुनुवाई - गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको कुनै पनि वडा</td><td></td></tr>
</table>

	समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन। गाँउपालिकाले यस आबमा सार्वजनिक सुनुवाई तथा मुचुल्का तयार नगरी द्धढ,ठद्द,ण्ण्ण.जनाको रु द्धडछआफन्तलाई नाताप्रमाणित वेगर नगद वितरण गरेकोले वास्तविक लाभग्राहीभन्ने कुरामा विश्वस्त हुन सकिएन।	
७६.	**नगद वितरण** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ अनुसार बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने उल्लेख भएकोमा कार्यालयले ७ वडामा हात हातै नगद रु.२,५९,५८,६००।-वितरण गरेको छ।	
७७.	**परिचय पत्रः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २० मा एम.आइ .एसमा विवरण प्रविष्ट भएपछि प्राप्त हुने १३ अंकलाइ नै परिचयपत्र कायम गरी सम्बन्धित परिचय पत्र व्यवस्थित गर्ने कार्य स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ। नमुना छनौटको आधारमा परिक्षण गर्दा पहिलो र दोस्रो चौमासिकको सामाजिक सुरक्षा वितरण गर्दा कार्यविधि अनुसार १३ अंकको परिचय पत्र नं कार्यालयले उपलव्ध गराएको मुल अभिलेख र वितरणको भरपाइमा समेत नराखी दोश्रो चौमासिकको खर्च रु.१,३४,५७,६००। मध्ये वडा नं.१ को रु.१३,३५,६००। र वडा नं.२ को रु.२०,००,०००। समेत रु ३३,३५,६००।- लेखेकोले वास्तविक लाभग्राही हुन भनी विश्वस्त हुन सकिएन। यस सम्बन्धमा एकिन गर्नुपर्ने साथै नियम बमोजिम मुल अभिलेख र वितरणको भरपाइमा समेत परिचय पत्र नं राखी खर्च लेख्नपर्ने रु.	३३३५६००।-
७८.	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१ अनुसार लेखा राख्ने व्यक्तिले विल भरपाई सिलसिलेवार रुपमा राख्नुपर्ने उल्लेख छ। गो.भौ.न.१६-२०७७।३।१२ खरिदार निम बहादुर भारतिले सामाजिक सुरक्षा पेश्की बापतको रकम रु.२०९६४००। को पेश्की फछ्र्यौट गर्दा रु.१६०००। बराबरको रकम बुझाएको भरपाई संलग्न नभएकोले सो रकम असुल हुनुपर्ने रु.	१६०००।-
७९.	एम.आइ.एस सिष्टममा समावेश भएका लाभग्राहीहरुलाई मात्र सामाजिक सुरक्षा भत्ता उपलव्ध गराउनुपर्दछ। कार्यालयले एम.आइ.एस सिष्टममा चढाउन बाँकी रहेको भनी दलित बालबालिका सुरेन्द्र वि.कलाई रु.१६०० र सार्के थापालाई रु.१२०००। समेत रु.१३६००। भुक्तानी गरेकोले भुक्तानी पाउने आधार पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.	१३६००।-
	गाउँपालिका चालु	
८०.	**अन्य कार्यालय खर्च** —कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र स्वीकृत कार्यक्रम र बजेट सिमा भित्र रही खर्च गर्नुपर्दछ । नमुना छनौटको आधारमा परिक्षण गर्दा यसवर्ष कार्यालयले समान अस्तित्व र छुट्टै बजेट विनियोजन हुने कार्यालयको कार्यको लागि कार्यपालिकाले निर्णय गरी भुक्तानी दिएको छ । निम्न कार्यालय गाउँपालिकाको नियन्त्रण अधिकार क्षेत्र भित्र पनि नपर्ने र सम्बन्धित निकायवाट समेत बजेट विनियोजन हुने भएकोले एउटै कामको लागि २ निकायवाट विनियोजन हुन सक्ने अवस्था समेत रहेकोले यसमा नियन्त्रण हुनुपर्नाको साथै यसरी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.	३७८९६५।-

भौ.नं .मिति	कार्यालय र प्रयोजन	रकम	कैफियत
७-७-२०७६/५३ गापा चालु.	इलाका प्रहरी कार्यालय जिनावाङ बोका खरिद	१६०००	
२८-७-२०७६/७५ गापा चालु.	इलाका प्रशासक ऋषिराम सुवेदी अनुगमन मुल्याकन	१००००	
२८-७-२०७६/८३ गापा चालु.	प्रह राजेन्द्रराज कोली भ्रमण खर्च.	१००००	
९-९-२०७६/९८ गापा चालु.	पाखापानी प्रहरी चौकी विविध खर्च	९८५०	
२३-२-२०७७/२५८ गापा चालु.	इलाका प्रहरी कार्यालय घर्तिगाउँ	१३३११५	

२४-३-२०७७/३६९ गापा चालु.	मालपोत कार्यालय घर्तिगाउँ व्यवस्थापन तथा प्रशासनिक अनुदान	२०००००	
	जम्मा	३७८९६५	

८१. **वडा समितिको भत्ता** – स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ८ अनुसार वडा समितिको बैठकमा रहने पदाधिकारी र कर्मचारीले मात्र भत्ता पाउने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले वडा समितिमा रहने पदाधिकारी र कर्मचारी बाहेकका व्यक्ती र सोही दिनमा कार्यपालिकाको बैठकमा समेत उपस्थित भएकाहरुलाई भत्ता उपलव्ध गराएकोले नपाउने यस प्रकारको भत्ता रु.७३१००। असुल गर्नुपर्ने रु. ७४३७५।-

गौ.भौ.न /मिति	भत्ता बुझ्नेको नाम र पद	वडा न.	रकम करकट्टी १५ प्रतिशत वाहेक	कैफियत
१६६/२०७६-१०- चालु २५	पशु प्राविधिक कमल प्रकाश वली	५	८३३०	
२९१/२०७७-३-११ चालु	कार्यपालिका सदस्य कुसल कामी	६	१०७१०	कार्यपालिकाको बैठकमा समेत भत्ता बुझिलिएको ले दोहोरो भएको
२९२/२०७७-३-११ चालु	कार्यपालिका सदस्य चमेली घर्ति	७	१०७१०	कार्यपालिकाको बैठकमा समेत भत्ता बुझिलिएको ले दोहोरो भएको
३४७/२०७७-३-२३ चालु	कार्यपालिका सदस्य निर्मला खड्का	३	२०८२५	कार्यपालिकाको बैठकमा समेत भत्ता बुझिलिएको ले दोहोरो भएको
३७६/२०७७-३-२८ चालु	अ.स.ई पवनकुमार पुन	१	२३८०	
३९६/२०७७-३-३१	कार्यपालिका सदस्य कुसल कामी	६	१०७१०	कार्यपालिकाको बैठकमा समेत भत्ता बुझिलिएको ले दोहोरो भएको
३९७/२०७७-३-३१ चालु	कार्यपालिका सदस्य चमेली घर्ति	७	१०७१०	कार्यपालिकाको बैठकमा समेत भत्ता बुझिलिएको ले दोहोरो भएको
जम्मा			७४३७५	

८२. **बैठक भत्ता खर्च** - लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ बुदा नं १(क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले निम्न भौचरबाट निम्न संख्यामा पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता भुक्तानी गरेको छ। कार्यालयको नियमित काममा र सो कामसँग सम्बन्धित पदाधिकारीले गर्नुपर्ने काममा समेत भत्ता खर्च लेख्ने काममा नियन्त्रण गरिनुपर्दछ।

गौ.भौ.न /मिति	नाम थर र पद	बैठक संख्या	दर	भुक्तानी कर कट्टी बाहेक १५ प्रतिशत
१३२/२०७६-९-१४ चालु विभिन्न बैठक	ईन्जिनियर लोकेन्द्र ब. वली	१४	१५००	१७८५०
	सु.प्र.अ प्रेम प्रकाश वली	८	१५००	१०२००
	लेखापाल अग्नी प्रसाद लामिछाने	१४	१५००	१७२००
	स.ई रमेश डाँगी	२	१५००	२५५०
	क.स.अ शुसिल वली	६	१५००	७६५०
	का.स रमिता डाँगी	१	१५००	१२७५
	भण्डार प्रमुख कमलराज पुन	८	१५००	१०२००
	प्र.प्र. अ सिजन कुमार वली	१०	७००	५९५०
	सु.प्र.अ प्रेम प्रकाश वली	७	७००	४१६५
	लेखापाल अग्नी प्रसाद लामिछाने	४	७००	२३८०

	सकलदेव यादव स्वास्थ संयोजक	१	७००	५९५
	भण्डार प्रमुख कमलराज पुन	१	७००	५९५
	बसन्त शर्मा	२	७००	११९०
	क.स.अ शुसिल वली	१०	७००	५९५०
	का.स रमिता डाँगी	८	७००	४७६०
	का.स केश ब.बुढा	१३		७७३५
१४९/२०७६/१०/२३ चालु	लेखा प्रमुख भरत बस्नेत	८	१५००	१०२००
	ईन्जिनियर लोकेन्द्र ब. वली	६	१५००	७६५०
	सु.प्र.अ प्रेम प्रकाश वली	२	१५००	२५५०
	लेखापाल प्रेम खत्री	३	१५००	३८२५
	आ.ले.प उदय प्रकाश वली	३	१५००	३८२५
	भण्डार प्रमुख कमलराज पुन	८	१५००	१०२००
जम्मा				१३८४९५

८३. **अनुगमन भत्ता** - लुम्बिनी प्रदेश अन्तरगर्त स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा १३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐन निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन पाउने छैन भन्ने उल्लेख छ। सो ऐनमा गाउँपालिका तथा वडाका योजनाहरुको अनुगमन गरे वापत पदाधिकारीहरुलाई अनुगमन भत्ता भुक्तानी गर्न मिल्ने देखिँदैन। गाउँपालिका योजनाहरुको अनुगमन गरेवापत पदाधिकारी तथा कर्मचारीहरुलाई भुक्तानी दिइएकोमा अनुगमन कार्यविधि तयार नगरेको, अनुगमन समिति गठन नगरेको र अनुगमन गर्दा योजनागत रुपमा अनुगमन गरी योजनाको सम्वन्धमा देखिएका व्यहोरा तथा योजनाको सरोकार पक्षसँग भएको छलफलको व्यहोरा उल्लेख नगरी प्रतिवेदन समेत तयार नगरी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

गौ.भौ.न /मिति	नाम थर र पद	अनुगमन दिन	दर	भुक्तानी कर कट्टी बाहेक १५ प्रतिशत
३८८/२०७७-३-३० चालु गाउँपालिकाको योजनाहरुको अनुगमन	गा.पा अध्यक्ष विर ब.खत्री	३३	१५००	४२०७५
	उपाध्यक्ष रिता घर्ति	४४	१५००	५६१००
	नि. प्र.प्र.अ सकलदेव यादव	३३	१५००	४२०७५
	का.पा.स टिका विक	३२	१५००	४०८००
	अ.छैटौ शालीकराम बस्नेत	९	१५००	११४७५
	ईन्जिनिनियर नविन डाँगी	२८	१५००	३५७००
	ईन्जिनिनियर लोकेन्द्र ब. वली	१७	१५००	२१६७५
	लेखा प्रमुख भरत बस्नेत	२०	१५००	२५५००
	कृष्ण ब.घर्ति योजना प्रमुख	३३	१५००	४२०७५
	लेखापाल प्रेम खत्री	७	१५००	८९२५
	आ.ले.प उदय प्रकाश वली	६	१५००	७६५०
	स.ई रमेश डाँगी	३२	१५००	४०८००
	खा.पा.स.टेबल ब.बस्नर्त	४	१५००	५१००
	यो.सहायक रणमाया कुमारी चौधरी	६	१५००	७६५०
	अ.स.ई अर्जुन राना	४	१५००	५१००
	अ.स.ई मोहनसिह वली	५	१५००	६३७५
३८५/२०७७/३/३० चालु				०
	वडा अध्यक्ष मान ब.डाँगी	१२	१५००	१५३००
	वडा सदस्य लक्ष्मि बुढा	९	१५००	११४७५

वडा न. ५ को योजनाहरुको अनुगमन	वडा सचिव तुलाधर शर्मा	९	१५००	११४७५
	लेखापाल प्रेम खत्री	४	१५००	५१००
	आ.ले.प उदय प्रकाश वली	४	१५००	५१००
	प्राविधिक ओमकार वली	२	१५००	२५५०
	भे. प्राविधिक कमल प्रकाश खत्री	४	१५००	५१००
जम्मा				४५५१७५

८४. **गाडी भाडा** – जिल्ला दररेट निर्धारण समितिले २०७६ असार ३० मा सार्वजनिक गरेको आ.व २०७६।७७ को दर अनुसार राम्रो अवस्थामा रहेको सवारी साधनको इन्धन बाहेक मासिक भाडा रु.१,२०,०००। हुने कुरा उल्लेख छ। कार्यालयले कार्यालय प्रयोजनको लागि राजु तिमिल्सिनासंग गरेको सम्झौता अनुसार रु.१,६९,०००। र सो मा खाना खाजा मासिक रु.५,०००। समेत थप गरी निम्नानुसार भुक्तानी गरेकोमा रु.२,४५,५००। बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. रु.

गौ भौ नं	जिल्लादर समितिले तोकेको दर कर कट्टी सहित	सवारी धनीको नाम	भुक्तानी रकम कर कट्टी सहित	बढी भुक्तानी रकम खाना रु.५००० थपसमेत
४८/२०७६-७-७ चालु	३२४००० तीन महिनाको	राजु तिमल्सिना	४५६३००	१४७३००
१५१/२०७६१०/२३ चालु	२१६००० दुइ महिनाको	राजु तिमल्सिना	३०४२००	९८२००
जम्मा				२४५५००

२४५५००।-

८५. **खाजा खर्च -** प्रदेश सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ बुँदा नं.२(क) अनुसार कार्यालय समय अघिपछि अतिरिक्त समय काम गर्नुपर्ने भएमा आधार र कारण खुलाई लेखा उत्तरदायी अधिकृतबाट स्वीकृत गराएर सार्वजनिक विदाको दिनमा खाजा/खाना खर्च रु.५००। र यातायात खर्च बापत रु.१००। तथा कार्यालय खुल्ने दिन भए खाजा खाना खर्च रु.२५०। मात्र खर्च पाउने व्यवस्था छ। नमुना छनौटको आधारमा परीक्षण गर्दा कार्यालयले निम्न कर्मचारीहरुलाई कार्यपालिकाले निर्णय गरी खाना सुविधा बापत रु. ९००००।- भुक्तानी गरेकोमा निर्देशिकाले तोकिएको मापदण्ड पुरा गरेको नदेखिएको रु.

गौ भौ नं	**नाम पद**	खाजा खर्च	अवधि	जम्मा भुक्तानी
२३/२०७६-६-२९ चालु	व्याक लोडर चालक टेक ब. सुनार	५०००	१२ महिना	६००००
	सवारी चालक प्राशाराम डाँगी	५०००	६ महिना	३००००
जम्मा				९००००।

९००००।

८६. स्थानीय तहका कर्मचारीहरुको निवृत उपदान कोष कट्टी बापत रकम मासिक रुपमा कर्मचारी सञ्चयकोषको तोकिएको खातामा जम्मा गर्नुपर्नेमा कार्यालयले गौ.भौ.नं. ४२४/२०७७/३/३१ गा.पा चालुबाट निवृति उपदान कोष वापत कट्टी रकम रु.३९५३१९।- धरौटी खातामा जम्मा गरेकोले सम्बन्धित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

३९५३१९।-

८७. **गा.पा प्रोफाइल तथा आवधिक योजना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ मा २० लाख सम्म लागत अनुमान भएको परामर्श कार्य मौजुदा सूचीवाट ३ देखि ६ परामर्शदाता कम्पनीको प्रस्ताव लिई कार्य गराउनु पर्ने व्यवस्था छ। साथै नियमावलीको नियम १२ अनुसार परामर्श सेवाको लागत अनुमान तयार गराउनु पर्ने व्यवस्था छ।कार्यालयले गा.पा प्रोफाइल पन्चवर्षिय आवधिक योजना निर्माण कार्यको लागि गो.भौ.नं. ९६-२०७६।९।६ बाट इनोभेटिक डेभलमेन्ट कन्सल्ट सुलिचौर रोल्पासँग परामर्श सेवा लिएकोमा लागत अनुमान तयार नगरेको, प्रस्तावदाताले पेश गरेको दरमै खरिद गरेको तथा मौजुदा सूचीमा दर्ता नभएका समेतबाट प्रस्ताव लिई कार्य गराई भुक्तानी दिएको रु.९,७१,६४२। -नियमसम्मत नदेखिएको रु.

९७१६४२।-

<table>
<tr><td>८८.</td><td>कार्यालयले कारोना नियन्त्रण, उपचार तथा रोकथाम प्रयोजनका लागि विपद् व्यवस्थापन कोषवाट खर्च गर्नुपर्नेमा संघिय हस्तान्तरित कार्यक्रम चालुबाट कोभिड सम्बन्धी सामाग्री खरिद भनी निम्न भौचरबाट रु.४,०६,२७७।- खर्च लेखेको छ । सम्बन्धित कोषबाट मात्र बजेट खर्च गर्नुपर्नेमा नगरेको रु.
<table><tr><td>गो.भौ.नं. मिति</td><td>रकम</td></tr><tr><td>२७७/२०७७-३-४</td><td>१२८५०४</td></tr><tr><td>३२५/२०७७-३-१८</td><td>१५००००</td></tr><tr><td>३६९/२०७७/३/२४</td><td>१९५६८</td></tr><tr><td>३९८/२०७७/३/३१</td><td>१०८२०५</td></tr><tr><td></td><td>४०६२७७</td></tr></table></td><td>४०६२७७।-</td></tr>
<tr><td>८९.</td><td>अनुगमन मुल्याङकन खर्च - भम्रण खर्च नियमावली, २०६४ को नियम ४ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो हुने गरी भ्रमण गर्नुपर्ने उल्लेख छ । कार्यालयले योबर्ष अनुगमन मुल्याङकन तथा भ्रमण शिर्षकमा रु. ३२,४९,८५१।— र विभिन्न योजनाहरुबाट कट्टि गरेको कन्टेन्जेन्सीबाट समेत अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ;</td><td></td></tr>
<tr><td>८९.१.</td><td>अनुगमन भ्रमण पश्चात भ्रमण गर्ने कर्मचारी तथा पदाधिकारीले नियमावली अनुसार भ्रमण प्रतिवेदन पेश गर्नुपर्नेमा गरेको छैन ।</td><td></td></tr>
<tr><td>८९.२.</td><td>भ्रमणखर्च नियमावली, २०६४ अनुसार भ्रमणको स्पष्ट प्रयोजन खुलाउनुपर्ने उल्लेख भएकोमा कतिपय भ्रमण आदेशहरुमा भ्रमणको स्पष्ट प्रयोजन खुलाउने गरेको छैन ।</td><td></td></tr>
<tr><td>९०.</td><td>पेश्की बाँकी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की लिने व्यक्ती वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक विल भरपाई र कागजात सहितको प्रतिवेदनको आधारमा पेश्की फछ्यौट गर्नुपर्ने उल्लेख छ । कार्यालयले पेश गरेको विवरण अनुसार निम्न कर्मचारी र संस्थालाई गएको पेश्की फछ्यौट हुनुपर्ने रु.
<table><tr><td>कर्मचारी तथा संस्थाको नाम</td><td>पेश्की रकम</td></tr><tr><td>गणेश पुन मगर</td><td>९५०००</td></tr><tr><td>मान बहादुर डाँगी</td><td>२८०००</td></tr><tr><td>सामुदायिक औषधि सञ्चालन समिति</td><td>५०००००</td></tr><tr><td>डोजर सञ्चालक समिति</td><td>५०००००</td></tr><tr><td>विकास सरोकार समाज</td><td>८४१७५</td></tr><tr><td>उर्तिवाङ ट्रस पुल निर्माण उ.स</td><td>२०००००</td></tr><tr><td>जम्मा</td><td>१४०७१७५</td></tr></table></td><td>१४०७१७५।-</td></tr>
<tr><td></td><td>कर दस्तुर एवं आन्तरिक आय</td><td></td></tr>
<tr><td>९१.</td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत यसबर्ष रु.२६३८३३७। आम्दानी गरेको विवरण पेश गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिनु पर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्</td><td></td></tr>
<tr><td>९१.१.</td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा</td><td></td></tr>
</table>

	एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाले आफ्नो क्षेत्र भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।	
९१.२.	कार्यालयले आम्दानी र मालपोत तर्फको रसिद नियन्त्रण खाता अद्यावधिक गरी राखेको छैन । यसबाट कार्यालयले कति रसिद छपाई गरी वडागत रुपमा कति क्रमसंख्या देखि कति क्रम संख्याका मालपोत रसिद र आम्दानी रसिद बुझे र बुझिलिएका मध्ये प्रयोजन समाप्त भई कति राजश्व शाखामा फिर्ता भए विवरण तयार गरेको छैन। यसबाट असुल हुनुपर्ने राजश्व असुल भयो भएन र असुल भए अनुसारको दाखिला भयो भएन एकिन गर्न सकिएन।	
९१.३.	गाउँपालिकाबाट दैनिक रुपमा उठ्ने राजश्वको रेकर्ड अध्यावधिक गर्न राजश्व शाखा गठन गर्नुपर्नेमा राजश्व शाखा गठन गरेको छैन।	
९१.४.	कार्यालयले आन्तरिक आम्दानीको शिर्षकगत राजश्व असूली अनुमान र यथार्थ असूलिको प्रतिवेदन तयार गरेको छैन।	
९१.५.	आन्तरिक आम्दानीको दैनिक आवर्जे तयार गरी दैनिक रुपमा उठेको राजश्वको अभिलेख अद्यावधिक गर्नुपर्नेमा गरेको छैन।	
९१.६.	कार्यालयले आन्तरिक आम्दानीको वडागत विवरण तयार नगरेकोले वडागत रुपमा मासिक आम्दानी एकिन गर्न सकिएन ।	
९१.७.	गाउँपालिका अन्तर्गतका विषयगत शाखाले राजश्व आम्दानीको लागि कति रसिद बुझिलिए र रसिद अनुसारको आम्दानी सञ्चितकोष दाखिला गरे नगरेको रेकर्ड राखेको छैन। यसबाट विषयगत शाखाले गरेको आम्दानी र आम्दानी अनुसारको राजश्व दाखिला एकिन गर्न सकिएन।	
९१.८.	राजश्व आम्दानीको लागि वडा कार्यालयहरुले गाउँपालिकाबाट बुझिलिएको नगदि रसिदका ठेलीहरु आर्थिक बर्षको अन्तिममा ठेलिगत जोड जम्मा सहित गाउँपालिकामा पेश गर्नुपर्नेमा पेश भएको छैन। यसबाट वडा कार्यालयले प्राप्त गरेको राजश्व रकम पुर्ण रुपमा दाखिला भयो भनी आश्वस्त हुन सकिएन।	
९१.९.	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) अनुसार आप्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने उल्लेख छ। कार्यालयले २ नम्बर वडावाट मालपोत, सिफारिस दस्तुर, दण्ड जरिवाना, जन्मदर्ता, मुत्युदर्ता लगायतको शुल्क बापत रु.२८,७७८। असुल गरेकोमा ऐनमा तोकिए बमोजिम राजश्व दाखिला गरेको देखिएन। वडाबाट ढिला गरी राजश्व दाखिला गर्ने तथा उठेको राजश्व दाखिला नगर्ने गरेकोले राजश्व संकलन गर्ने कर्मचारीलाई जिम्मेवार बनाई जरीवाना सहित असुल हुनुपर्ने रु	२८७७८।-
९१.१०.	कार्यालयले राखेको रसिद खर्च रेकर्ड अनुसार वडा नं. ४ ले मालपोत रसिद र आम्दानी रसिद बुझिलिएको देखिदैन। उक्त वडा कार्यालयले प्राप्त गरेको राजश्व आम्दानीको विवरण कार्यालयमा पेश गरेको छैन। त्यस्तै वडा नं ७ ले बुझीलिएका रसिदहरु कार्यालय प्रति सहितको ठेली गाउँपालिकामा फिर्ता गरेको छैन। राजश्व रकम आम्दानी र दाखिला सम्बन्धमा एकिन हुनुपर्दछ।	
९१.११.	कार्यालयमा फिर्ता भएको राजश्व ठेलीहरु मध्ये नमुना छनौट गरी वडा नं. १ को आम्दानी रसिद	

तथा मालपोत रसिद भिडान गर्दा निम्नानुसार भएको पाइयो ;

- आम्दानी रसिद तर्फ पालिकाबाट वडा कार्यालयमा गएका ६ प्याडहरु मध्ये निम्न रसिदहरुको पहिलो प्रति ग्राहकलाई उपलव्ध गराइ सकेपश्चात कार्यालयलाई पेश गर्नुपर्ने दोश्रो प्रतिमा छापिएको कार्वन अक्षरलाई कालो डट्पेनले सच्याएर कम राजश्व आम्दानी देखाएको छ। कम दाखिला भएको रु.७१००।- असूल गर्नुका साथै थप चेकजाँच गरी असुली यकिन गर्नुपर्ने रु. ७१००।-

रसिद नं.	कार्बनमा देखिएको राजश्व आम्दानी	सच्याएको राजश्व रकम	घटि राजश्व दाखिला
२५०३	५००	२००	३००
२५०४	५००	२००	३००
२५३७	२०००	१०००	१०००
२५३९	१०००	५००	५००
२५५०	१०००	५००	५००
१६०९	५०००	५००	४५००
जम्मा			७१००

- आम्दानी रसिद तर्फ वडाले बुझेको ठेलि नं.१८०१ देखि १८५० मा रसिद नं.१८३० र १८३१ को कार्यालय प्रति समेत च्यातेर कार्यालयमा ठेली बुझाएकोले उक्त रसिद नं. बाट भएको आम्दानी सम्बन्धमा एकिन गर्न सकिएन। उक्त रसिद नं. को बास्तविक आम्दानी सम्बन्धमा एकिन हुनुपर्दछ।
- मालपोत रसिद तर्फ वडाले कार्यालयबाट ८ वटा राजश्व ठेली बुझिलिएकोमा रसिद नं. १६५१ देखि १७०० सम्मको ठेली कार्यालयमा फिर्ता भएको छैन भने रसिद नियन्त्रण खातामा नचढेको रसिद नं.१८५१ देखी १९०० सम्मको ठेलीबाट रु.१७६५७। राजश्व आम्दानी गरेको विवरण पेश गरेको छ। यसबाट पालिकाबाट वडाले बुझेको रसिद र वडा कार्यालयमा बाँकी रहेका मालपोत रसिद सम्बन्धमा एकिन हुन सकिएन।

विपद् व्यवस्थापन

९२. **कार्य योजना:** -विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ। कार्यालयले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना हुनुपर्दछ।

९३. **कोष आय —** विश्वव्यापी महामारी नियन्त्रण तथा रोकथाम गर्न यसवर्ष स्थापना भएको प्रकोप व्यस्थापन कोषमा प्रदेश सरकारबाट १०,००,०००।- लाख, गाउँपालिका चालु तथा पूँजिगतबाट रु.२२,००,०००।- कर्मचारी तलबबाट रु.१३,७६,०४५। र अन्य श्रोतबाट रु. ६,४९,५७७।- समेत रु.५२,२५,६२२।- को कोष स्थापना भएकोमा रु.५२,१०,३८२।६ खर्च भएको विवरण पेश

	गरेको छ। कोषबाट भएका खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् ;	
९४.	**राहत वितरण —** कार्यालयले गाउँपालिकाका अन्तर्गतका घर परिवारलाई राहत (चामल, नुन, दाल, चिउरा, चिनी, तेल) वितरण गर्न भनी रु. १२,६४,१५३।— को खाद्य भुक्तानी गरेको छ । वितरण गरेको राहत सामग्री वास्तविक विपन्न र समस्यामा परेकालाई मात्र वितरण गरेको स्पष्ट आधार पेश भएन । गाउँपालिकाले वितरण गर्ने राहत सामग्रीको दररेट समेत नलिई व्यवसायीहरुवाट सिधै खरिद गरेकोले खरिद प्रतिस्पर्धि तथा मितव्ययी देखिएन।	
९५.	**क्वारेन्टाइन खर्च —** विपत् व्यवस्थापन कोष सञ्चालन समितिकोले विभिन्न सात वडामा रहेका २४ क्वारेन्टाइनमा बसेका व्यक्तिहरुलाई खाना, नास्ता तथा स्वयम सेवक खर्च रकम बापत रु.११,२२,८७०।— खर्च लेखेको छ।	
९६.	**स्वयमसेवक नियुक्ति -** स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सभावाट पारित बजेट र प्राप्त अख्तियारी भित्र रहि खर्च गर्ने दायित्व प्रमुख प्रशासकिय अधिकृतको हुने उल्लेख छ। सोही अख्तियारी भित्र रहि प्रमुख प्रशासकिय अधिकृतले खुल्ला प्रतिस्पर्धाको आधारमा योग्य व्यक्तिलाई करारमा नियुक्ति गर्नुपर्नेमा निम्न वडाका वडाध्यक्षहरुले प्रति व्यक्ति मासिक रु.१८,०००। पाउने गरी ३ महिनाको लागि कोभिड स्वयम सेवक पदमा २३ जनालाई करार सम्झौता गरी यस बर्ष रु. ११,८८,०००।—खर्च लेखेको पाइयो। अधिकार क्षेत्र बाहिर गई जनप्रतिनिधी मार्फत विना प्रतिस्पर्धामा करार नियुक्त गरेको नियम सम्मत नदेखिएको रु.	११८८०००।-

गो.भौ.नं. मिति	वडा नं.	जनप्रतिनिधिको नाम	रकम
३२-२०७७।३।२९	६	वडाध्यक्ष वीर बहादुर वली (६ जना नियुक्ती)	२७००००
३७-२०७७।३।३०	१	वडाध्यक्ष अजमत डाँगी (३ जना नियुक्ती)	१६२०००
३८-२०७७।३।३०	३	वडाध्यक्ष जलेश कुमार के.सी (३ जना नियुक्ती)	१६२०००
३९-२०७७।३।३०	७	वडाध्यक्ष कुल बहादुर घर्ति (३ जना नियुक्ती)	१६२०००
४९-२०७७।३।३१	३	वडाध्यक्ष जलेश कुमार के.सी (२ जना नियुक्ती)	१०८०००
५३-२०७७।३।३१	२	वडाध्यक्ष भुपाल दमाई (३ जना नियुक्ती)	१६२०००
५४-२०७७।३।३१	५	वडाध्यक्ष माम बहादुर डाँगी (३ जना नियुक्ती)	१६२०००
		जम्मा	११८८०००

९६.१.	वडाध्यक्ष र स्वयमसेवक विच भएको करार सम्झौता बमोजिम करार सम्झौता भएको अवधिबाट सम्झौता अनुसारको रकम भुक्तानी गर्नुपर्नेमा निम्न वडाका निम्न कोभिड स्वयम सेवकहरुलाई सम्झौता अवधि भन्दा अगाडि देखिको रकम भुक्तानी दिएकोले नपाउने रकम असुल हुनुपर्ने रु.	६३०००।-

वडा नं.	स्वयम सेवकको नाम	सम्झौता मिति	रकम
६	कमल वली	२०७७।१।९	४८००
६	गने वली	२०७७।१।९	४८००
६	जीवन राना	२०७७।१।९	४८००
६	झुपलाल वली	२०७७।१।९	४८००
६	नरेश राना	२०७७।१।९	४८००
६	कल्पना वली	२०७७।१।९	४८००
१	कमल वली	२०७७।१।१०	५४००
१	चित्र बहादुर वि.क	२०७७।१।१०	५४००
१	लक्ष्मी डाँगी	२०७७।१।१०	५४००
२	सुरेश पुन मगर	२०७७।१।११	६०००
२	रमेश किरण वि.क	२०७७।१।११	६०००
२	नर बहादुर कामी	२०७७।१।११	६०००
	जम्मा		६३०००

<table>
<tr><td>९७.</td><td>गो.भौ.नं.४४- २०७७।३।३१ आर.जि.एम सप्लायर्सबाट रु.१,९८,७८९। को औषधि खरिद भनी खर्च लेखेकोमा सो सँग सम्बन्धित विल भरपाई पेश नभएको रु.</td><td>१९८७८९।</td></tr>
<tr><td>९८.</td><td>खरिद व्यवस्थापन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५(१)मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद ऐनको दफा ६६ वमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्कताको लिखित विवरण, गुणस्तर, परिमाण शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपुर्तीकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मुल्यको लागि वार्ता गरी खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले पेश गरेको विवरण अनुसार देहाय अनुसारका मुख्य स्वास्थ्य सामाग्रीको खरिद दर लट अनुसार फरक रहेको छ ।उपयुक्त विधि अवलम्वन गर्न नसक्दा पिपिई सेट रु.८,४७५। दर सम्मको र इन्फ्रारेड थर्मोमिटर ९,१८१।- दर सम्मको सोझै खरिद गरको छ ।सम्पुर्ण सामाग्रीको मुल्य खुल्ने गरी खरिदको विवरण पेश गरेको छैन । कार्यालयले खरिद नियमावली वमोजिम विशेष परिस्थितिमा खरिद गर्ने प्रावधानको रुपमा पालना गरेको छैन् ।यसको उदाहरण देहाय अनुसार रहेको छ;
<table>
<tr><th>सामानको नाम</th><th>स्पेशिफिकेशन</th><th>इकाई</th><th>परिमाण</th><th>दर</th><th>कुल रकम</th></tr>
<tr><td>पिपीई</td><td>नखुलेको</td><td>Piece</td><td>२८</td><td>८४७५</td><td>२३७३००</td></tr>
<tr><td>माक्स एन ९५</td><td>नखुलेको</td><td>Piece</td><td>२५०</td><td>२२६</td><td>५६५००</td></tr>
<tr><td>इन्फ्रारेड थर्मोमिटर</td><td>नखुलेको</td><td>Piece</td><td>१८</td><td>९१८१</td><td>१६५२५८</td></tr>
<tr><td>ग्लोब्स</td><td>नुखलेको</td><td>Piece</td><td>६०</td><td>६५६</td><td>३३९००</td></tr>
</table></td><td></td></tr>
<tr><td>९९.</td><td>वार्षिक प्रतिवेदन —विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>१००.</td><td>अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक बर्ष २०७६/७७ सम्मको बेरुजु रु.१,५२,६८,०३२।— बाँकी रहेकोमा यस बर्ष रु. ६,२८,१३,८८२।- थप भई रु.७,८०,८१,९१४ पुगेको छ। बाँकी बेरुजु समयमै फछ्र्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।
<table>
<tr><th>गत बर्षसम्मको फछ्र्यौट गर्न बाँकी रु.</th><th>यस बर्ष फछ्र्यौट रु.</th><th>बाँकी बेरुजु रु.</th><th>यो बर्षको सं.पबाट कायम बेरुजु रु.</th><th>यो बर्षको कायम बेरुजु रु.</th><th>बाँकी</th></tr>
<tr><td>१५२६८०३२</td><td>०</td><td>१५२६८०३२</td><td>०</td><td>६२८१३८८२</td><td>७८०८१९१४।-</td></tr>
</table></td><td></td></tr>
</table>

गंगादेव गाउँपालिका

सञ्चित कोष विवरण आर्थिक वर्ष २०७६/७७

अनुसुची-१

(रु. हजारमा)

क्र.स.	स्थानिय तह	जि	आय					जम्मा आय	व्यय				
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजश्व बाँडफाड रकम	आन्तरिक आय	अन्य		चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	गंगादेव गाउँपालिका	रोल्पा	३३४९४	२४९७४६	६०००१	२६३८	५७१४८	३६९५३३	२१८५३१	१०८०२४	६०६५४	३८७२०९	१५८१८

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७६।७७

अनुसुची-२

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
९१	५९	६२८१४	०	०	०	९१	५९	६२८१४	११४५२	३९३७९	१०५७६	०	०	४९९५५	१४०७

अद्यावधिक बेरुजू स्थिति

२०७६।७७

अनुसुची-३

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रोल्पा	१५२६८	०	०	१५२६८	०	६२८१४	७८०८२